का.जि.प्र.का.द.नं. १००/०५९/६०
१८ साउन २०८२,
आइतबार
3 August, 2025
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न



# तनावमा माधव नेपाल

२०७८ भदौ २ गते नेकपा एमालेबाट फुटेर बनेको नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपाल निरन्तर तनावमा छन्।



जीवन शर्मा/मध्यान्ह
काठमाडौं, १७ साउन ।

१५ वर्ष नेकपा एमालेको नेतृत्व गर्दै प्रधानमन्त्रीको जिम्मेवारी सम्हालिसकेका नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल यतिबेला तनावमा छन् । नेकपा एमालेसँगको विद्रोहपछि नयाँ पार्टी स्थापनासँगै विभिन्न उल्झनले घेर्दै आएका नेपालको पछिल्लो पटक पार्टीकै सम्मानित नेता झलनाथ खनालसँग वार-पारको स्थिति बनेको छ । यो घटनाले नेपालमाथि तनाव थपिएको हो ।

२०७८ भदौ २ गते नेपालको नेतृत्वमा एमालेबाट चोइटिएर बनेको नेकपा एसभित्र त्रासको वातावरण बनि नै रह्यो । कहिले पार्टीका जिम्मेवार नेताको पलायन, कहिले आफ्ना नजिकका नेताहरूबाट पार्टी नै फुटाउने धम्की, कहिले मुद्दा मामिलाको अदालती झमेला त कहिले भरोसा गरेकाहरूप्रतिकै अविश्वासले अध्यक्ष नेपाल तनावबाट मुक्त हुन सकेका छैनन् ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँगको कटुतासँगै पार्टी विभाजन गरेर नेकपा एस गठन गरेका नेपाललाई नेता खनालले विद्रोहको औचित्य पुष्टि गर्न नसकेको टिप्पणी गरेका छन् । योसँगै अध्यक्ष नेपाल भयभित मात्रै बनेनन्, नेता खनालको राजीनामा नै मागेका थिए । जवाफमा खनालले नेपालप्रति लक्षित गर्दै पार्टी चलाउन नसक्नेले पार्टी छाडेर जान सुझाव दिएका छन् ।

खनालले शनिबार पत्रकार सम्मेलन गरेर माधव नेपालप्रति थप आक्रोश पोखे । यस अघि खनालले एक टेलिभिज अन्तर्वार्तामा एमाले विभाजन गलत भएको सन्देश दिनेगरी अभिव्यक्ति दिएपछि पार्टी अध्यक्ष नेपालले खनाललाई पार्टीबाट राजीनामा दिएर जान निर्देशन गरेका थिए । नेपाल र खनाल दुवै जनाको यस्तो अभिव्यक्तिले नेकपा एस विभाजनको डिलमा पुगेको छ ।

नेपाल नेतृत्वको नेकपा एसमा विचारको बहस नभएकाले पार्टीलाई वैचारिक सैद्धान्तिक विचलन आएको खनालले भने, 'पार्टीमा बहस छलफल आवश्यक छ, तर त्यो हुन सकेन अनि कसरी पार्टीको विकास हुन सक्छ ?' एमालेसँगको विद्रोह गलत हो भन्ने आफ्नो धारणा नरहेपनि विद्रोहको औचित्य पुष्टि हुनेगरी पार्टीलाई सैद्धान्तिक, वैचारिक ढंगले विकास गराउनुपर्ने बताए । 'विद्रोह गरेको गलत हो भन्ने मेरो धारणा >>> पृष्ठ २ मा



पार्टीमा बहस आवश्यक छ, तर त्यो हुन सकेन । विद्रोहको औचित्य पुष्टि गर्न राजनीतिक, वैचारिक र सैद्धान्तिक धरातलबाट आन्दोलनलाई रुपान्तरण गर्नुपर्छ

■ **झलनाथ खनाल**
**सम्मानित नेता**
**एकीकृत समाजवादी**

# सर्पको भय
## वर्षेनी एक सयले गुमाउँछन् ज्यान

विश्व स्वास्थ्य संगठनको अनुमानअनुसार नेपालमा वार्षिक करिब एक सय जनाको सर्पदंशका कारण मृत्यु हुने गरेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्यांकले पनि आर्थिक वर्ष २०८०/८१ मा नेपालमा ९ हजार १२० जना सर्पले टोकेर बिरामी भएको देखाउँछ ।




केही महिनादेखि अस्पतालमा सर्पदंशका बिरामी बढ्दै गएका छन् । अस्पतालमा आएका केही बिरामीलाई अस्पतालमा भर्ना गरेर उपचार गरिरहेका छौं ।

■ **डा. जीवन पुन**
**आकस्मिक विभाग प्रमुख, जिल्ला अस्पताल सल्यान**

प्रदीप मगर/मध्यान्ह
सल्यान, १७ साउन ।

गर्मीका कारण सर्पदंशका बिरामी बढ्न थालेका छन् । सर्पदंशका बिरामी बढेपछि अस्पतालमा समेत चाप पर्न थालेको छ ।

पछिल्लो समय जिल्ला अस्पताल सल्यानमा दैनिक तीन जनादेखि पाँच जनासम्म सर्पदंशका बिरामी आउने गरेको अस्पतालका आकस्मिक विभाग प्रमुख डा. जीवन पुनले जानकारी दिए । उनका अनुसार अस्पतालमा उपचारका लागि पुग्नेमध्ये कुनै गम्भीर प्रकृतिका समेत रहेका हुन्छन् ।

जेठदेखि भदौसम्ममा सर्प खाना खोज्न बाहिर निस्कने हुँदा सर्पदंशका बिरामी बढ्ने गरेको चिकित्सकहरू बताउँछन् । जिल्ला अस्पताल सल्यानका आकस्मिक विभाग प्रमुख पुनका अनुसार अस्पतालमा प्राय हरियो सर्प, गोमन र करेत, आदी सर्पको टोकाइपछि उपचारका लागि पुग्ने गरेका छन् ।

अस्पताल आएका बिरामीमध्ये केही अस्पतालमा भर्ना गरेर उपचार आवश्यक पर्ने अवस्थामा हुन्छन् । उनी भन्छन्, 'केही महिनादेखि अस्पतालमा सर्पदंशका बिरामी बढ्दै गएका छन् । अस्पतालमा आएका केही बिरामीलाई अस्पतालमा भर्ना गरेर उपचार गरिरहेका छौं ।' अस्पतालमा आउने अधिकांश बिरामी जिल्लाभित्रका आउने गरेको उनले बताए । उनले थपे, 'धेरै जसो जिल्ला भित्रका बढी बिरामी आउने गर्छन् ।'

सल्यानमा गत आर्थिक वर्ष २०८०/८१ मा ४७ जना महिला, २२ जना पुरुष घाईते भएका थिए । १ जनाको मृत्यु भएको थियो ।

आर्थिक वर्ष २०८१/०८२ मा १० जना महिला र ११ जना पुरुष गरी २१ जना घाईते भएका थिए ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०८०/८१ मा कुल ९ हजार १२० जनालाई सर्पले टोकेको थियो । विश्व स्वास्थ्य संगठनको अनुमानअनुसार नेपालमा वार्षिक करिब सय जनाको सर्पदंशका कारण मृत्यु हुने गरेको छ । जिल्ला अस्पताल सल्यानका डा. बुद्धिनाथ शाह सर्पले >>> पृष्ठ २ मा

# गैससको सम्पत्ति विश्वविद्यालयमा सारिँदै

गैरसरकारी संस्था विघटन गरेर त्यसले सञ्चालन गर्दै आएको अस्पताल, शैक्षिक कार्यक्रम र कर्मचारीहरुको दायित्व विश्वविद्यालयमा सार्ने अभ्यास नेपालमा पहिलो पटक हुन लागेको हो । यसले गैरसरकारी संस्था चल्न नसक्ने र सरकारले उपयोग गर्न नसक्ने अवस्थामा अर्को संस्थामा रुपान्तरित भएर चल्न सक्ने बाटो खुल्नेछ ।

दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, १७ साउन ।

नेपाल आँखा कार्यक्रम र अन्धोपन निवारण समाजलाई एकीकृत गर्दै विश्वविद्यालय सञ्चालन गरिने भएको छ । यसका निम्ति सरकारले ल्याएको तिलगंगा नेत्र विश्वविद्यालय विधेयक संघीय संसद्को राष्ट्रिय सभाबाट पारित भइसकेको छ भने प्रतिनिधि सभामा पनि छलफलको प्रक्रियामा अगाडि बढेको छ ।

गत साउन ८ गते प्रतिनिधि सभाले तिलगंगा नेत्र विश्वविद्यालय विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव स्वीकृत गरेको छ । यो सँगै विधेयकमाथि सांसदहरूले संशोधन राखेका छन् । अब विधेयकमाथि दफावार छलफल हुन्छ र पारितको प्रक्रियामा जान्छ । दुवै सभाबाट विधेयक पारित भएर राष्ट्रपतिबाट प्रमाणीकरण भएपछि नेपाल आँखा कार्यक्रम र अन्धोपन निवारण समाज एकीकृत भएर विश्वविद्यालय सञ्चालन हुने । हाल यी दुवै संस्था गैरसरकारी संस्था हुन् । ऐन बनेसँगै दुवै गैरसरकारी संस्थाको सम्पत्ति विश्वविद्यालयमा सर्नेछ ।

विधेयकमा दुवै संस्थाको सम्पत्ति विश्वविद्यालयमा सार्ने लगायतका विषय रहेका छन् । गैरसरकारी संस्था विघटन गरेर त्यसले सञ्चालन गर्दै आएको अस्पताल, शैक्षिक कार्यक्रम र कर्मचारीहरूको दायित्व नेत्र विश्वविद्यालयमा सर्ने प्रस्तावित प्रावधान रहेको छ ।

संस्था दर्ता ऐन अन्तर्गत गठित गैरसरकारी संस्थाको सम्पत्ति र दायित्व विश्वविद्यालयमा सार्न मिल्ने/नमिल्ने विषयमा राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले व्यापाक छलफल भएको थियो । विधायन व्यवस्थापन समितिले यो विषयमा महान्यायाधिवक्ता रमेश बडालको राय लिएको हो । महान्यायाधिवक्ता रमेश बडालले गैससको सम्पत्ति पनि विश्वविद्यालयमा सार्न मिल्ने राय दिएका थिए । त्यसपछि राष्ट्रिय सभाबाट पारित भएर प्रतिनिधि सभामा आएको हो ।

आँखा कार्यक्रम जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता छ । अन्धोपन निवारण समाज मकवानपुर जिल्लामा >>> पृष्ठ २ मा




## वैदेशिक रोजगार विशेष

# कुवेतमा घरेलु कामदारको हत्या गरेको अभियोगमा दम्पतीलाई मृत्युदण्ड

मध्यान्ह संवाददाता
काठमाडौं, १७ साउन ।

एक आप्रवासी घरेलु कामदारको अमानवीय रूपमा कुटपिट गरी हत्या गरेको अभियोगमा कुवेतको फौजदारी अदालतले एक परिवारका दम्पतीलाई मृत्युदण्डको सजाय सुनाएको छ ।

आप्रवासी घरेलु कामदारलाई गैरकानुनी थुनामा राख्ने, लठ्ठीले बारम्बार आक्रमण गर्ने, चिकित्सा हेरचाह अस्वीकार गर्ने र जबरजस्ती श्रम गराउने जस्ता कार्य गर्दा कामदारको मृत्यु भएको अदालतले ठहर गरेको छ। मृतकको परिचय भने खुलाइएको छैन । सरकारी अभियोजनकर्ताहरूले दम्पतीले उनलाई चोटपटक लागेर मृत्यु नभएसम्म दबाबमा काम गरिरहन बाध्य पारेको जिकिर लिएका थिए ।

गल्फ न्युजका अनुसार पछिल्लो समय कुवेतमा आप्रवासी घरेलु कामदार हरूमाथि दुर्व्यवहार बढ्दो छ । २०२३ को सुरुमा एक कुवेतीले फिलिपिनी कामदारको बलात्कारपछि हत्या गरेर जलाएका थिए । त्यसपश्चात फिलिपिन्स सरकारले पर्याप्त सुरक्षाको अभाव भन्दै कुवेतमा घरेलु कामदार पठाउन अस्थायी प्रतिबन्ध लगाएको थियो ।

# रिक्रुट मि प्रा.लि.ले गऱ्यो धार्मिक विधिसहित कार्यालय शुभारम्भ




**ललितपुर/मस-** रिक्रुट मि प्रा.लि.ले धार्मिक विधिअनुसार रुद्री पुजा गरेर नयाँ कार्यालय उद्घाटन गरेको छ। नयाँ आर्थिक वर्ष २०८२/८३ को पहिलो दिन साउन १ गते कै दिन वैदेशिक रोजगार विभागबाट इजाजत लिएको उक्त प्रा.लि.ले ललितपुरको गुसिंगाल संकटामार्गमा कार्यालय सञ्चालन गरेको छ ।

शनिबार कार्यालय उद्घाटनका साथै रुद्री पूजा गरिएको सञ्चालक अमित नेपालले जानकारी दिए। उक्त कम्पनीमा रमेश सापकोटा तथा कृष्ण हमाल पनि सञ्चालक रहेका छन् ।

विभिन्न म्यानपावर कम्पनीमा काम गरेर वैदेशिक रोजगारका क्षेत्रमा आफूहरूले लामो अनुभव हासिल गरेको भन्दै सञ्चालक नेपालले खाडी क्षेत्र अन्तर्गत यूएई, साउदी अरेबिया, कतारलगायतका मुलुकमा दक्ष तथा अदक्ष कामदारलाई आकर्षक तलबसहितको रोजगारी उपलब्ध गराउने लक्ष्य लिइएको बताए ।

वैदेशिक रोजगार क्षेत्रमा लामो अनुभव हासिल गरेका सञ्चालकहरूले ब्रदर्स ट्रान्सलेसन प्रा.लि. पनि सञ्चालन गरेका छन् । ब्रदर्स ट्रान्सलेसन नेपालस्थित साउदी अरेबियाको भाषा अनुवादका लागि सूचीकृत भएका आधा दर्जन कम्पनीमध्ये प्रमुख कम्पनी हो ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



# 'देश समृद्ध बनाउन जोखिम मोलेरै काम गर्नुपर्छ'



**काठमाडौं/मस–** नेपाल कम्युनिष्ट पार्टी (एमाले) का महासचिव शंकर पोखरेलले देश समृद्ध बनाउन जोखिम मोलेरै काम गर्न सक्नुपर्ने बताएका छन्।

रिटर्नी फेडेरेशन नेपालले केही स्वदेशी लगानीकर्ताको सामूहिक लगानीमा स्थापना गरिएको 'नवयुग इन्भेष्टमेन्ट कम्पनी लिमिटेड' को शुभारम्भ गर्दै देश समृद्ध बनाउन जोखिम मोलेरै काम गर्नुपर्ने बताए।

'म बनाउँछु मेरो देश' भन्ने भावनाका साथ लाग्ने हो भने नेपाललाई समृद्ध मुलुक बनाउन सकिने उनको भनाइ छ। महासचिव पोखरेलले परम्परागत निर्वाहमुखी काम गरेर देश समृद्ध नहुने र परम्परागत ढाँचाले मात्रअघि बढ्दा फेरि अभावकै दुष्चक्रमा फस्नुपर्ने बताए।

'अर्थतन्त्रमा निर्वाहमुखी, पारिवारिक उत्पादनमुखी, गुजारामुखी ढाँचाको रहेको छ। औद्योगिक क्षेत्र पनि कर्पोरेट कल्चरमा ढालिएकै छैन। कम्पनी पारिवारिक कम्पनीकै ढाँचामा छन्', उनले भने, 'कम्पनी साँच्चै पब्लिक बन्न सकेका छैनन्।'

महासचिव पोखरेलले नेपाल चर्चा गरिएको जस्तो गरिब मुलुक नभएको उल्लेख गर्दै नेपालको सामर्थ्य के छ भन्ने कुरा नेपालीले बुझ्न नसकेका बताए। महासचिव पोखरेलले नेपाल भित्रिने रेमिट्यान्सको अधिकांश हिस्सा नेपाल आएर काम गर्ने भारतीय कामदारले नै लैजाने गरेका बताए।

फेडेरेशनका अध्यक्ष विनोद भट्टराईले विदेशबाट फर्केकालाई लगानीको वातावरण सुनिश्चित गर्नुपर्ने बताए।

# 'कांग्रेसमा युवालाई आबद्ध गराए लोकतन्त्र बलियो हुन्छ'



**विराटनगर/मस–** नेपाली कांग्रेसका नेता डा.शेखर कोइरालाले नेपाली कांग्रेसमा युवाहरुलाई आबद्ध गराए लोकतन्त्र बलियो हुने बताएका छन्।

नेपाली कांग्रेस विराटनगर-४ वडा समितिले शनिबार आयोजना गरेको क्रियाशील ज्येष्ठ नागरिक सम्मान समारोहमा उनले लोकतन्त्रको स्थायित्वका लागि कांग्रेसप्रति युवाको आकर्षण बढाउन सुझाव दिए।

प्रतिनिधिसभाका सदस्यसमेत रहेका नेता डा. कोइरालाले 'लोकतन्त्रको पर्यायवाची नै कांग्रेस भएकाले लोकतन्त्र कमजोर भएमा लोकतन्त्र र देश कमजोर हुने धारणा राखे।

उनले भने, 'लोकतन्त्रको स्थायित्व र देशको विकासका लागि कांग्रेसको भूमिकाबारे युवामा जनचेतना जागृत गराउनु आजको आवश्यकता हो।'

नेता डा.कोइरालाले जीवन्त र लोकतान्त्रिक पार्टीमा आन्तरिक प्रतिस्पर्धा हुनुपर्ने बताउँदै अन्य पार्टीहरूसँगको प्रतिस्पर्धामा कांग्रेस एकढिक्का भएर लाग्नुपर्नेमा जोड दिए।

राजनीतिक दलको नेता भएपछि अन्य दलका नेताहरुसँग भेटघाट गर्नु सामान्य भएअनुसार पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी, पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' लगायतका नेताहरुसित आफूले भेटघाट एवं छलफल गरेको बताए।

सो अवसरमा ७२ वर्ष उमेर पार गरेका ज्येष्ठ क्रियाशील सदस्यहरु सुरेश तिम्सिना, सीयाराम मण्डल राजवंशी, तेतरी राजवंशी, कृष्णमोहन कार्की, मणिराज निरौला, दुखाराम गच्छदार, नखबहादुर खड्का, साजीलाल माझी, थिरबहादुर नेपाली र हेमनारायण चौधरीलाई सम्मान गरिएको थियो।

# बालेन काठमाडौंको जनकपुर फिस हाउसमा, भन्छन्– तावा फिस खाँदा जनकपुरको याद आयो



**काठमाडौं/मस–** काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहले काठमाडौंको नक्साल गैरीधारास्थित मिथिला थालीमा परिसरमा रहेको जनकपुर फिस हाउसमा पुगेर जनकपुरे माछाको स्वाद लिएका छन्।

मास्टरसेफ सन्तोष साह र उनका दाजु दिलिप साहले सञ्चालन गरिरहेको जनकपुर फिस हाउसमा पुगेर शनिबार साँझ मेयर शाहले माछाका परिवारको स्वाद लिएका हुन्।

'यहाँ तयार पारिएको माछाका परिकारमा तराईमा माछा खाएको स्वाद आयो, काठमाडौंमा जनकपुरे माछाको परिकार खान पाउँदा खुसी लाग्यो', मेयर शाहले भने। मेयर शाह पत्नी सबिना काफ्लेसहित मिथिला थाली पुगेका थिए।

मास्टर सेफ साह काठमाडौं महानगरका फूड सेफ्टीका कन्सलट्यान्ट पनि हुन्। साहले काठमाडौंको गैरीधारा, झम्सिखेल र गौशालामा मिथिला थाली रेष्टुरेन्ट सञ्चालनमा गरिरहेका छन् भने गैरीधारामा जनकपुर फिस हाउस पनि सञ्चालन गरिरहेका छन्।

साथै जनकपुरमा आवासको सुविधासहित मिथिला थाली सञ्चालन गरिरहेका छन्।

पछिल्लो समय जनकपुरे माछाका विभिन्न परिकारका लागि मानिसहरु गैरीधारास्थित जनकपुर फिस हाउसमा पुग्ने गरेका छन्। जनकपुर माछाका परिकारका लागि चर्चित गन्तव्य हो। जनकपुरमा पाइने माछाका परिकार काठमाडौंबासीलाई चखाउने उद्देश्यले केही समय अघि साहले जनकपुर फिस हाउस सञ्चालनमा ल्याएका हुन्।

# काठमाडौंमा नेपाल–चीनबीचको संयुक्त कला प्रदर्शनी सुरु



**काठमाडौं/मस–**नेपाल र छिमेकी मित्रराष्ट्र चीनबीच कूटनीतिकसम्बन्ध स्थापना भएको ७०औं वर्ष पुगेको अवसरमा शनिबारदेखि काठमाडौंमा संयुक्त कला प्रदर्शनी सुरु भएको छ।

नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान, सिल्क रोड सिटिज अलाइन्स तथा चाइना कल्चर सेन्टर नेपालको संयुक्त आयोजनामा नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान नक्सालमा सुरु भएको कला प्रदर्शनीको पूर्वपरराष्ट्रमन्त्री सुजाता कोइराला र नेपालका लागि चीनका राजदूत छन सोङले उद्घाटन गरे।

कार्यक्रममा पूर्वमन्त्री कोइरालाले यस प्रदर्शनीले राजनीतिकबाहेक दुई देशका जनताबीचको अन्तरहृदय जोड्ने बताइन्। उनले भनिन्, 'यस प्रदर्शनीले कला र संस्कृतिलाई जोड्ने मात्र नभइ दुई देशबीचको सम्बन्धलाई अझ प्रगाढ र आत्मिय बनाउन मद्दत गर्नेछ।'

प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले नेपाल र चीनबीच कूटनीतिकसम्बन्ध स्थापना भएको ७०औं वार्षिकोत्सवको अवसरमा आयोजित कला प्रदर्शनीले सांस्कृतिक तथा कूटनीति सम्बन्ध प्रगाढ बनाउन सहयोगी भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे। उनले कला केवल सौन्दर्य अभिव्यक्त गर्ने माध्यम मात्र नभइ एकताबद्ध गर्ने एउटा पुलका रूपमा भएको धारणा राखे।

चीनका राजदूत सोङले नेपाल-चीनसम्बन्ध आपसी सम्मान, सहयोग र साझेदारीमा आधारित रहेको बताए। उनले दुई देशका कलाकारलाई एउटै मञ्चमा देख्न पाउँदा आफूलाई खुसी लागेको उल्लेख गर्दै आगामी दिनमा यस्ता कार्यक्रमलाई निरन्तरता दिनुपर्ने धारणा राखे।

प्रदर्शनीमा कुलपति हार्तम्छालीसहित पूर्वकुलपतिहरू किरण मानन्धर, केके कर्माचार्य, उपकुलपति लालकाजी लामा, प्राज्ञपरिषद् सदस्य प्रदीप अधिकारी, सौरगङ्गा दर्शनधारी, दिनेश्वर महतो, सञ्जय वान्तवा, अरुणा हिङ्माङलगायत कलाकारका कलाकृति प्रदर्शनीमा राखिएको छ।

# 'वैदेशिक रोजगारीमा जाँदा सीपयुक्त भएर मात्र जानुपर्छ'

**काठमाडौं/रासस–** वैदेशिक रोजगारीमा जाँदा सीपयुक्त भएर मात्र जानुपर्ने विज्ञले बताएका छन्। क्यानडामा रोजगारीका सम्भावनाका विषयक एक छलफल कार्यक्रममा आफ्ना धारणा राख्दै क्यानडास्थित सेन्टेनियल कलेजका प्रा.डा. तुलसी धरेलले सीप भए जुनसुकै ठाउँमा पनि जिन्दगी सहज हुने बताए।

उनले सीप नजानेमा कहीँ पनि अवसर नपाइने उल्लेख गर्दै सीपयुक्त भएर विदेश जाँदा दुःख नपाइने बताए। विगत २५ वर्षदेखि क्यानडाको कलेजमा अध्यापन गराउँदै आएका डा. धरेलले क्यानडालगायत विश्वका अधिकांश पश्चिमा मुलुकहरुमा दक्ष जनशक्तिको खाँचो रहेको र त्यसमा पनि स्वास्थ्य क्षेत्रका जनशक्तिको माग बढी भएको बताए।

उनले भने, 'क्यानडामा झन्डै एक लाखजति नेपालीहरु रहेको अनुमान गर्न सकिन्छ। रोजगारी, रेस्टुरेन्ट व्यवसाय, घरजग्गा कारोबार, सौन्दर्य पेसा आदिमा नेपालीहरु काम गरिरहेका छन्। नेपालको शिक्षाको स्तर राम्रो छ त्यसैले पनि दक्ष जनशक्ति त्यहाँ जाँदा काम नपाउने भन्ने हुँदैन।'

क्यानेडियन मार्केटिङ एसोसिएसनका काउन्सिल सदस्यसमेत रहेका डा. धरेलले नेपालीहरू उच्चस्तरको पेसामा काम गरिरहेको बताउँदै क्यानडा केही वर्षयता रोजगारी तथा अवसरको राम्रो गन्तव्य बनेको बताए। उनले दक्ष जनशक्ति विदेश पलायन भए भनेर नकारात्मक धारणा पाल्न नहुने बताए। उनले भने, 'दक्ष जनशक्तिलाई पठाउनुपर्छ। जीवनस्तर पनि उकासिन्छ र राष्ट्रको पनि इज्जत बढ्छ। दक्ष जनशक्तिलाई विदेश पठाउनुहुन्न भनेर नकरात्मक सोच राख्नुहुन्न।'

# आयोगद्वारा पीडित र सरोकारवालासँग परामर्श




**काठमाडौं/मस–**बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरूपण तथा मेलमिलाप आयोगले पीडितको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै सत्य तथा न्याय सुनिश्चित गर्न दृढ रहने प्रतिबद्धता जनाएको छ।

सो आयोगसम्बन्धी ऐन, २०७१ मा भएको तेस्रो संशोधनअनुरूप नियमावली तयार गर्न पीडित र सरोकारवालासँग आयोगले परामर्श गरेको थियो। उक्त कार्यक्रममा सरोकारवालालाई केन्द्रमा राखी उनीहरुको सहभागिता सुनिश्चित गर्नुपर्नेमा जोड दिइएको छ।

आयोगले पूर्वपदाधिकारी, पूर्वसचिव, बेपत्ता पारिएका व्यक्तिका परिवार, सरकारका विशिष्ट श्रेणीका पदाधिकारी, वरिष्ठ अधिवक्ता, अधिवक्ता तथा सरोकारवालासँग परामर्श लिएको थियो।

परामर्शमा मुख्यतः आयोगमा रहने इकाइ, त्यसमा रहने विषय विज्ञ, सत्य अन्वेषण, छानबिन तथा अनुसन्धानका व्यवस्था, परिपूरण, मनोसामाजिक परामर्श, सुरक्षा, गोपनीयतासँग सम्बन्धित व्यावहारिक चुनौती तथा अवसरका बारेमा सुझाव प्राप्त भएको आयोगका सदस्य एवं प्रवक्ता सिर्जना पोखरेलले जानकारी दिइन्।

विगतका कानुनी एवं व्यावहारिक चुनौती र आगामी दिनमा गर्नुपर्ने सुधारका बारेमा विस्तृत छलफल भएको आयोगले जनाएको छ। ऐनमा भएको तेस्रो संशोधनअनुसार तयार गरिएको आयोगको नियमावलीमा प्राप्त सुझावले कार्य सञ्चालनलाई विधिसम्मत बनाउन महत्वपूर्ण सहयोग पुग्ने अपेक्षा गरिएको छ।

प्राप्त सुझावलाई नियमावलीको प्रारम्भिक मस्यौदामा समावेश गरी सरकारसमक्ष परामर्श दिने प्रतिबद्धता जनाइएको पनि उनले बताइन्। सो सुझावले पीडित मैत्री किसिमले संक्रमणकालीन न्यायलाई तार्किक निष्कर्षमा पुऱ्याउन कोशेढुंगा साबित हुने अपेक्षा आयोगको छ।

# पुवा खोलामा बेलिब्रिज निर्माण, ३६ किमी दूरी छोटियो



**इलाम/मस–**इलाम सदरमुकामदेखि झापाको विर्तामोड जोड्ने छोटो दुरीको केचना-कञ्चनजङ्गा (मेची करिडोर) सडकअन्तर्गत पुवा खोलामा बेलिब्रिज निर्माण भएको छ। सो बेलिब्रिज निर्माण पश्चात मेची राजमार्गको विकल्प खुलेको छ।

इलाम नगरपालिका-९ र ११ जोड्ने पुवा खोलमा पहिलो पटक बेलिब्रिज निर्माण भएपछि स्थानीय बासिन्दा र झापा-इलाम-पाँचथर-ताप्लेजुङ आवतजावत गर्ने सवारीसाधनका लागि छोटो र सुरक्षित बाटोको विकल्प खुला भएको हो। सागर/सुभारम्भ/एरिसा जेभीले सो बेलिब्रिज निर्माण गरेको हो।

पुल नहुँदा विगतमा यात्रीहरुले जोखिम मोलेर यात्रा गर्नुपर्ने बाध्यता थियो। विशेष गरी वर्षायाममा सडक पूर्णरुपमा बन्द हुने गर्दथ्यो। संघीय सरकारको रु एक करोड ३५ लाखमा बेलिब्रिज निर्माण गरिएको हो। बेलिब्रिज ४८.६ मिटर लम्बाइको भएको सडक डिभिजन इलामका सूचना अधिकारी इञ्जिनियर अर्जुन घिमिरेले बताए।

इलाम नगरपालिका-९ का वडाध्यक्ष गोपाल चहानले बेलिब्रिज निर्माणसँगै झापा-इलाम सवारी आवागमनमा हसजता आएको बताए।

गतवर्ष पहिरोका कारण दुई साता राजमार्ग बन्द हुँदा यात्रीहरुले ठूलो सास्ती खेपेका थिए। त्यतिबेला वैकल्पिक सडक नहुँदा ताप्लेजुङ, पाँचथर र इलामबाट झापा झरेका यात्रुहरु माईखोला वरिबाट पारीसम्म पैदल र झापाबाट इलाम, पाँचथर र ताप्लेजुङ आएका यात्री पारीबाट वरिसम्म पैदल हिँडेर गाडी परिवर्तन गरेर गन्तव्यमा पुग्न बाध्य भएका थिए।

हाल पुवा खोलामा बेलिब्रिज निर्माण भएसँगै मेची राजमार्गको गोलाखर्क खण्डबाट सिधैं केचना-कञ्चनजङ्गा सडक प्रयोग गर्दा ४७ किलोमिटरको दुरीमा झापाको विर्तामोड पुग्न सकिन्छ। मेची राजमार्ग प्रयोग गर्दा ८३ किलोमिटर दुरीमा मात्र विर्तामोड पुग्न सकिन्छ।

मेची राजमार्गको वैकल्पिक सडकको रुपमा लिइएको सो सडकअन्तर्गत इलाम खण्डको माई नगरपालिका क्षेत्रमा १५ किलोमिटर सडक कालोपत्र भइसकेको छ। बाँकी १७ किलोमिटर खण्डमध्ये १४ किलोमिटर ठेक्का लागेर निर्माण भइरहेको सडक डिभिजन प्रमुख इञ्जिनियर पवन भट्टराईले बताए।

## सर्पको...

डसेका बिरामीका लागि आवश्यक खोप जिल्ला अस्पतालसहित अन्य सामुदायिक अस्पतालहरूमा उपलब्ध रहेको बताउँछन्। उनी जडिबुटी वा धामीझाँक्रीमा भर नपरी बिरामीलाई सकेसम्म चाँडो अस्पताल ल्याउन अभिभावकहरूलाई आग्रह गर्छन। किनकि ढिलाइका कारण ज्यानसमेत गुम्ने जोखिम रहन्छ।

जिल्ला प्रहरी कार्यालय सल्यानका प्रहरी निरीक्षक रेशम खत्री पनि गाउँघरमा अझै पनि धेरैले जडिबुटी तथा धामीझाँक्रीको भर पर्ने र ढिलासुस्तीका कारण गम्भीर अवस्था सिर्जना हुने गरेको बताउँछन्। यस्ता परम्परागत विधिबाट टाढा रहन र चाँडै अस्पताल जान उनको सुझाव छ।

चिकित्सकहरूका अनुसार विषरहित सर्पले टोक्दा टोकेको ठाउँमा सुन्निने, घाउ हुने, घाउ पाकेर चिलाउनेजस्ता सामान्य समस्या देखिन्छ। जिल्ला अस्पतालका प्रमुख डा. अर्जुन बुढामगरका अनुसार विषालु सर्प पनि दुई प्रकारका हुन्छन्। एउटा रगत पातलो बनाउने र अर्को नसा र मांसपेशीमा असर गर्ने सर्प हुने डा. बुढाले बताए। सल्यान अस्पतालमा भर्ना भएका सर्पदंशका बिरामीमा रगत जम्ने समस्या देखिने गरेको डा. बुढाले बताए। घरेलु उपचार गरी बिरामी ढिलागरी अस्पताल पुग्ने उनको भनाइ छ। अस्पतालमा भाइपर सर्पले टोकेर रगत पातलो हुने, टोकेको ठाउँमा सुन्निने, रातो हुने, रगत बग्ने, दुख्नेजस्ता लक्षण देखिने गर्छ।

गोमन र करेत सर्पले टोकेकोमा स्नायु प्रणाली असर पारी सुरुवाती चरणमा वान्ता हुने वाकवाकी लाग्ने, अचेत अवस्था हुँदै जाने, बिस्तारै आँखाको परेली माथि हेर्न नसक्ने, श्वासप्रश्वास बन्द हुनेजस्ता लक्षण लिएर सर्पदंशका बिरामी आउने गरेको डा. बुढाको भनाइ छ।

चिकित्सकहरूका अनुसार सर्पले खतरा महसुस गरेपछि मात्र प्रतिरक्षा गर्ने गर्दछ। सर्पलाई नचलाएर टाढै बसेमा टोक्दैन। तर खाना खोज्न बाहिर निस्कँदा छोइएमा आक्रमण गर्न लागेको ठानेर प्रतिरक्षा गर्दा टोक्ने गर्दछ।

## तनावमा...

होइन', उनले भने, 'तर हामीले राजनीतिक वैचारिक र शैद्धान्तिक धरातलबाट औचित्य सावित गर्ने गरी आन्दोलनलाई रूपान्तरण गर्नुपर्छ। औचित्य पुष्टि गर्न सकेनौ भने हाम्रो विद्रोह गलत सावित हुन सक्छ भन्ने हो।'

नेता खनालले माधव नेपालमा जस्तोसुकै सरकारमा जहिले पनि सहभागी हुने, वर्गीय हित विपरीतका सरकारमा सहभागी भएर आत्मसमर्पण गर्ने, चुनावमा पनि कांग्रेस लगायतसँग साँठगाँठ गर्दा समस्या भएको बताए। साथै उनले पार्टीमा आफूले वैज्ञानिक समाजवादको विचार अघि सारे पनि त्यो विचार र दृष्टिकोण नै पार्टीले सार्वजनिक नगरेको बताए। खनालले नेपालप्रति लक्षित गर्दै भनेका छन्, 'पार्टी सञ्चालन गर्न सक्ने क्षमता छैन, पार्टीमा बसेर काम गर्न सक्ने क्षमता छैन भने त्यस्ता मान्छे आफैं बाटो लागे हुन्छ तर झलनाथ खनालले त्यस्तो काम जान्दैन।'

यसअघि रामकुमारी झाँक्री, प्रेमबहादुर आले, किसानकुमार श्रेष्ठलगायत नेताहरूले नेपाललाई तनाव दिएका थिए। केपी ओली नेतृत्वको सरकारले राजनीतिक दलसम्बन्धी अध्यादेश ल्याएर नेकपा एस फुटाउन खोजेको थियो। यो विषय पनि अध्यक्ष नेपालका लागी त्यत्तिकै तनावपूर्ण बन्यो। त्यसवेला पार्टीका १० मध्ये आधाभन्दा बढी सांसदले पार्टी फुटाएर जान खोजेका थिए।

नेताहरू जीवनराम श्रेष्ठ, विजय पौडेल, हरि पराजुली, रामकुमारी झाँक्री, किसान श्रेष्ठ, प्रेम आले, धनबहादुर बुढा, अम्मरबहादुर थापा र भानुभक्त जोशी निरन्तर अध्यक्षसँग असन्तुष्ट रहेका छन्। पार्टीको गत महाधिवेशनपछि यी नेताहरू अध्यक्ष नेपालको कार्यशैलीप्रति असन्तुष्टि पोख्दै आएका छन्। पदाधिकारी, पोलिटब्युरो र २ सय ९९ जनाको केन्द्रीय कमिटी बनाउने निर्णयविपरीत ३ सय २२ जनाको केन्द्रीय कमिटी बनाएको, योग्यभन्दा पनि आफ्नालाई छानेर केन्द्रीय कमिटीमा ल्याईएको उनिहरूले आरोप लगाउदै आएका छन्।

त्यस्तै नेपाललाई प्रधानमन्त्री भएका बेला काभ्रेस्थित पतञ्जली जग्गा बेच्न र सट्टा भर्ना गर्न पाउने निर्णय गरेर नीतिगत भ्रष्टाचार गरेको आरोप लागेको छ। नेपालमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको छ। उक्त मुद्दामा आवश्यक अनुसन्धान र बयान पश्चात नेपाललाई अदालतले धरौटीमा छाडेर बाहरिबाटै मुद्दा लड्ने सुविधा दिएको छ। विचाराधीन रहेको यो मुद्दले पनि नेपालमाथि तनाव थपेको छ। उल्लेखित विषयलाई व्यवस्थित गर्न नसकेका पूर्वप्रधानमन्त्री नेपाललाई तनावको भारीले थिच्न लागेको राजनीतिक वृत्तमा बहस भइरहेको छ।

## गैससको...

दर्ता छ। यी दुवै संस्थाको सम्पत्ति विश्वविद्यालयमा सार्ने लगायतका विषय विधेयकमा रहेको हो। गैरसरकारी संस्था विघटन गरेर त्यसले सञ्चालन गर्दै आएको अस्पताल, शैक्षिक कार्यक्रम र कर्मचारीहरूको दायित्व नेत्र विश्वविद्यालयमा सार्ने अभ्यास नेपालमा पहिलो पटक हुन लागेको हो। यसो हुँदा भविष्यमा अन्य गैरसरकारी संस्था विघटन हुँदाको अस्वस्थामा समेत नजिर बस्नेछ। केही गरी गैरसरकारी संस्था चल्न नसक्ने र सरकारले पनि त्यसको उपयोग गर्न नसक्ने अवस्थामा अर्को संस्थामा रुपान्तरित भएर समेत चल्न सक्ने बाटो खुल्नेछ।

# स्थानीय पाठ्यक्रममा आधारित पुस्तक प्रकाशन गर्दै रामपुर

**पाल्पा/मस–**पाल्पाको रामपुर नगरपालिकाले स्थानीय पाठ्यक्रममा आधारित रहेर पुस्तक प्रकाशनको तयारी गरेको छ। स्थानीयस्तरका विषयवस्तु समेटेर स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक प्रकाशन गर्न लागिएको नगरपालिकाले जनाएको छ।

पुस्तक तथा सन्दर्भ सामग्री लेखन कार्यदलले नगरपालिकाभित्रका १० वटै वडामा सूचना सङ्कलन कार्यशाला गरिसकेको छ। नगरभित्र रहेका धार्मिक, ऐतिहासिक, पुरातात्विक, आर्थिक, सामाजिक, पर्यटन, भूगोललगायत विषय समेटेर 'हाम्रो रामपुर' नामक पाठ्यपुस्तक प्रकाशन गर्न लागेको नगरपालिकाका प्रमुख रमणबहादुर थापाले जानकारी दिए।

'पाठ्यपुस्तकमा स्थानीय विषवस्तु राखिने छ, आगामी शैक्षिक सत्रबाट नगरपालिकाभित्रका विद्यालयमा अध्यापन गर्ने गरी पाठ्यपुस्तक प्रकाशन गर्न लागिएको छ', नगरप्रमुख थापाले भने, 'स्थानीय शिक्षकको सहयोगमा नै पाठ्यपुस्तक प्रकाशन गर्न लागिएको हो।' आर्थिक वर्ष २०७९/८० मा 'हाम्रो रामपुर' पाठ्यक्रम लागू गरेर पठनपाठन भए पनि पाठ्यपुस्तकको आवश्यकता महसुस गरेर लेखन तयारी गरेको उनको भनाइ छ। कार्यदलले विभिन्न आठ वटा विषयवस्तुमा आधारित रहेर सुझावसहित सूचना सङ्कलन गरेको स्थानीय पाठ्यपुस्तक लेखन कार्यदलका संयोजक देवराज देवकोटाले बताए।

# अग्रज र शहीदका संकल्प पूरा गर्न दृढताका साथ लाग्नुपर्छ : प्रधानमन्त्री

**ललितपुर/मस-** प्रधानमन्त्री केपी शर्मा ओलीले वाम-लोकतान्त्रिक आन्दोलनका अग्रज र शहीदका संकल्पलाई पूरा गर्न दृढताका साथ लाग्नुपर्ने बताएका छन् ।

तुल्सीलाल स्मृति प्रतिष्ठानद्वारा शुक्रबार यहाँ आयोजित २८औं तुल्सीलाल स्मृति दिवसका अवसरमा आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले देशभक्तिपूर्ण आन्दोलन र समृद्धिको सपना पूरा गर्न आजको पुस्ता दृढताका साथ अघि बढ्नुपर्नेमा जोड दिएका हुन् ।

नेकपा एमालेका अध्यक्षसमेत रहेका प्रधानमन्त्री ओलीले तुल्सीलालले निष्ठा र त्यागको राजनीतिका आधारमा देखाएको आदर्शलाई पछ्याउँदै अघि बढ्ने संकल्प गर्नुपरेको बताए । उनले संविधानसभाबाट गणतन्त्र ल्याउने अग्रजहरुको लामो समयदेखिको दूरदृष्टिकै आधारमा संविधानसभाले नेपालको संविधान बनाएको स्मरण गरे ।



यस्तै ओलीले धर्मभक्त माथेमालाई नेपालको पहिलो बडिबिल्डर भएको दाबी गरे ।

ओलीले धर्मभक्त माथेमाले राजा त्रिभुवनलाई बडिबिल्डिङ सिकाएको स्मरण गरे ।

'मैले भनिरहनु पर्दैन, राजा त्रिभुवनलाई बडिबिल्डिङ सिकाउने गुरु धर्मभक्त माथेमा नै नेपालका पहिलो बडिबिल्डर हुन्,'प्रधानमन्त्री ओलीले भने, 'नेपालको इतिहासमा आधिकारिक रूपमा धर्मभक्तभन्दा अघि अर्को बडिबिल्डर पाइँदैन ।'

उनले तराई-मधेश क्षेत्रमा कुस्ती पहिलेदेखि खेलिँदै आएको भएपनि बडिबिल्डिङ र कुस्ती फरक विधा भएको प्रस्ट पारे ।

कार्यक्रममा प्रधानमन्त्री ओलीले गंगालाल श्रेष्ठलाई नेपालको पहिलो मानव अधिकार संस्थाका संस्थापकको रूपमा पनि उल्लेख गरे । उनका अनुसार गंगालालले वि.सं. १९९५ सालमा पहिलो मानव अधिकारसम्बन्धी भाषण गरेका थिए । यसैगरी, वि.सं. १९९७ सालको मंसिर १३ गते गंगालालले काठमाडौंको इन्द्रचोकमा पहिलोपटक राजनीतिक कोणसभा मार्फत खुला रूपमा प्रजातन्त्रको पक्षमा भाषण गर्नुभएको जानकारी दिए ।

'गंगालालले १९९७ सालमा प्रजातन्त्र चाहिन्छ भन्ने खुलेआम भाषण गर्नुभयो। त्यसपछि उहाँ भूमिगत हुनु भएको हो,' प्रधानमन्त्री ओलीले भने ।

कार्यक्रममा प्रतिष्ठानद्वारा सञ्चालित काठमाडौं उपत्यकाव्यापी माध्यमिक विद्यालयस्तरीय हाजिरीजवाफ प्रतियोगिताका विजेताहरुलाई पुरस्कार प्रदान गरिएको थियो भने प्रा.श्यामसुन्दर शेर्पाको बुद्धका विचारसम्बन्धी पुस्तक विमोचन गरिएको थियो ।

# कर्णालीमा एक महिनामा दुई लाख बढी बिरुवा रोपियो

**सल्यान/मस-** कर्णाली प्रदेशमा एक महिनाको अवधिमा दुई लाखभन्दा बढी बिरुवा रोपिएको छ । असार १४ गतेदेखि साउन १५ गतेसम्म सञ्चालित सगरमाथा वृक्षारोपण महाअभियानअन्तर्गत १२७.९२८ हेक्टर क्षेत्रफलमा २ लाख ४ हजार ६८४ गोटा विभिन्न जातका बिरुवा रोपिएको छ ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका योजना शाखा प्रमुख महेश नेपालीका अनुसार महाअभियानमा सल्यानमा ४८ हजार ३ सय, कालिकोटमा २७ हजार २ सय, डोल्पामा १ हजार ६१६, दैलेखमा १६ हजार १६०, हुम्लामा ५ सय ७६, जाजरकोटमा २८ हजार ४३२, सुर्खेतमा ३६ हजार ३२०, जुम्लामा ३८ हजार ८०, रुकुम पश्चिममा ६ हजार ४सय र मुगुमा १ हजार ६ सय वटा बिरुवा रोपिएको छ ।



कर्णाली प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री सुरेश अधिकारीले वृक्षारोपणभन्दा बढी आवश्यक विषय संरक्षण रहेको बताए ।

उनले भने, 'हरेक वर्ष वृक्षारोपण कार्य गरिन्छ, तर रोपिएका बिरुवा संरक्षण गरेर हुर्काउनु अझै महत्वपूर्ण छ ।' सल्यान खलंगास्थित महाकवि लक्ष्मीप्रसाद देवकोटा पार्कमा वृक्षारोपण सहित आयोजित अभियानको समापन कार्यक्रममा मन्त्री अधिकारीले समुदायको सक्रिय सहभागिता बिना वन क्षेत्रको दीगो संरक्षण सम्भव नहुने उल्लेख गर्दै भने, 'राजनीतिक, आर्थिक र सामाजिक क्रान्ति सम्पन्न भइसकेका छन्, अब हामीलाई चाहिएको हरित क्रान्ति हो ।'

उनले सम्पूर्ण राजनीतिक दल, स्थानीय तह र नागरिक समाजलाई हरित क्रान्तिमा सहभागी हुन आग्रह गरे । सल्यान जिल्लाका प्रमुख जिल्ला अधिकारी नेत्र सुवेदीले वृक्षारोपणलाई आय आर्जनमा जोड्ने गरी सञ्चालन गरिनुपर्ने बताए । डिभिजन वन कार्यालय सल्यानका प्रमुख टेकबहादुर रावलका अनुसार वृक्षारोपण महाअभियान सकिए पनि जिल्लामा वृक्षारोपण कार्यलाई निरन्तरता दिइनेछ । उनले सामुदायिक र राष्ट्रिय वन क्षेत्रलाई लक्ष्य गरी वृक्षारोपण कार्य अघि बढाइने जानकारी दिए ।

# समालोचना संग्रह विमोचन तथा चार कृतिको परिचर्चा



**बाँके/मस-**बाँकेको नेपालगन्जमा भेरी साहित्य समाज केन्द्रीय समिति, भाषा तथा समालोचना विभागद्वारा आयोजित समालोचना संग्रहको विमोचन तथा चार कृतिको परिचर्चा गरिएको छ ।

कार्यक्रममा वरिष्ठ कथाकार तथा साहित्यकार सनत रेग्मीको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा समालोचक मीना बरालद्वारा लिखित दृष्टिविम्ब समालोचना संग्रहको विमोचन गरिएको थियो । साथै चार अन्य कृतिको समेत समालोचनात्मक परिचर्चा गरिएको थियो ।

डा.राजकुमार थारूको थारू साहित्य र अन्य समालोचना कृतिको परिचर्चा लेखक स्वयं लेक प्रसाद प्याकुरेलले प्रस्तुत गरेका थिए । प्याकुरेलकै अर्को कृति सम्यक दर्शनको चर्चा समालोचक ईश्वरी प्रसाद रिजाल 'उल्कापात' ले गरेका थिए । डा.पुष्कर नाथ रिजालले पनि परिचर्चामा सहभागिता जनाए ।

यसै क्रममा कवि इन्दिरा गौतमको इन्दु कविता संग्रहमाथि समालोचक डा. हरि प्रसाद तिमिल्सिनाले समालोचना प्रस्तुत गरेका थिए ।

प्रस्तुत कृतिहरू बाँकेको समालोचना र साहित्य क्षेत्रमा ऐतिहासिक महत्व राख्ने बताइएको छ ।

कार्यक्रममा प्रमुख अतिथि सनत रेग्मी, विशिष्ट अतिथि नरेन्द्रजङ पिटर, प्राज्ञ महानन्द ढकाल तथा भेरी साहित्य समाज बाँकेका केन्द्रीय अध्यक्ष इन्द्र बस्नेतले समालोचनासम्बन्धी विविध विषयमा विचार व्यक्त गरेका थिए ।

चार दर्जनभन्दा बढी स्रष्टा तथा द्रष्टाहरूको उपस्थिति रहेको कार्यक्रममा बीच-बीचमा गायक सुन्दर गुरुङले गीत प्रस्तुत गरेका थिए भने कविहरू प्रभात सुवेदी, चन्द्रावती अधिकारी, पद्मावती रिजाल, अन्सर नेपाली लगायतले आफ्ना गजल, कविता तथा छन्दकविता वाचन गरेका थिए ।

भाषा तथा समालोचना विभागका प्रमुख रिजालको सभापतित्वमा सम्पन्न कार्यक्रममा डा.हरि प्रसाद तिमिल्सिनाले सहजीकरण गरेका थिए । कार्यक्रमको प्रारम्भमा भेरी साहित्य समाजकी महासचिव गीता अर्यालले स्वागत मन्तव्य राखेकी थिइन् ।

# ८१ वर्षमा नागरिकता पाउँदा दंग कालमाया



**उदयपुर/मस-**उदयपुरको चौदण्डीगढी नगरपालिका-१ की ८१ वर्षीया कालमाया राईले नागरिकता पाएकी छन् । जिल्ला प्रशासन कार्यालय उदयपुरले वडाध्यक्ष लुङगराज राईको रोहबरमा उनलाई नागरिकता प्रदान गरिएको हो ।

खोटाङको जन्तेढुंगा गाउँपालिका जन्मघर भएकी कालमाया राई विवाहपश्चात चौदण्डीगढी-१ मा बसोबास गर्दै आएकी थिइन् । तर, नागरिकता लिन भने उनले लामो समय प्रतीक्षा गर्नुपर्‍यो । करिब १५ वर्षअघि श्रीमानको निधन भएपछि एक्ली परेकी कालमायालाई नागरिकता लिन झन् कठिन भएको थियो ।

नागरिकता नहुँदा वृद्धा राई सामाजिक सुरक्षाभत्ता तथा अन्य सरकारी सेवा-सुविधाबाट वञ्चित हुँदै आइरहेकी थिइन् । वडाध्यक्ष राईका अनुसार आफन्तको चासोको अभाव र आवश्यक जानकारी नहुनुले उनी नागरिकता प्रमाणपत्रबाट टाढा रहँदै आएकी थिइन् ।

प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले नागरिकता प्रदान गर्दै अब राष्ट्रिय परिचयपत्र र सामाजिक सुरक्षाभत्ता लिन प्रक्रिया अघि बढाइएको जानकारी दिए । 'वास्तविक नेपाली नागरिक भएर पनि यति लामो समयसम्म नागरिकताबाट वञ्चित हुनु दुःखद् हो,' प्रजिअ लुइँटेलले भने ।

कालमाया राईका तीन भाइ र दुई सन्तान छन् । नागरिकता प्राप्त भएसँगै उनले अब राज्यका सेवा र सुविधामा पहुँच पाउने भएकी छन् ।

# दलको नेतृत्व लिएपछि कुनैपनि गुट बनाउन लाग्नुहुँदैन : मन्त्री पौडेल

**काठमाडौं/मस-**स्वास्थ्य तथा जनसंख्यामन्त्री तथा नेपाली कांग्रेसका नेता प्रदीप पौडेलले दलको नेतृत्वमा पुगेपछि कुनै गुट विशेषको पक्षपोषण गर्नु अनुचित हुने बताएका छन् ।



शनिबार काठमाडौंमा आयोजित तारापति भट्टराई स्मृति प्रतिष्ठानको कार्यक्रममा बोल्दै मन्त्री पौडेलले पार्टी नेतृत्वको जिम्मेवारी सम्हालेपछि सबै कार्यकर्तालाई समान व्यवहार गर्नुपर्ने बताए ।

'पार्टीको नेतृत्व लिएपछि त्यहाँभित्र गुट छ, गुटको सीमित मानिसहरूलाई माया गर्ने सोच नेतृत्व सुहाउँदैन,' उनले भने, 'नेतृत्व भनेको अभियानको नेतृत्व हो। त्यो अभियान पूरा गर्न स्वार्थ त्यागेर अघि बढ्न सक्ने क्षमता चाहिन्छ ।'

राजनीति समर्पण र निष्ठाको अभ्यास हो भन्दै मन्त्री पौडेलले स्वार्थका लागि राजनीतिमा लाग्ने व्यक्तिलाई 'राजनीतिक व्यक्तित्व' भन्न नमिल्ने बताए । 'राजनीतिक परिभाषा अनुसार नभई स्वार्थका आधारमा राजनीति गर्नेहरूलाई हामीले राजनीतिज्ञको रूपमा लिन मिल्दैन,' उनले स्पष्ट पारे ।

उनले पार्टीभित्र गुटको राजनीति, विभेदकारी व्यवहार र नेतृत्वको संकुचित सोचकै कारण आम कार्यकर्ता निराश भएको उल्लेख गरे । 'हाम्रो नेतृत्व र व्यवहारगत पक्षमै ठूलो त्रुटी छ,' मन्त्री पौडेलको टिप्पणी थियो । कार्यक्रममा उनले परिवर्तनका लागि जोखिम मोल्न सक्ने नेतृत्वको आवश्यकता रहेको पनि बताए ।

# बनाना रिसोर्टमा आगलागी हुँदा लाखौंको क्षति

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १७ साउन

रौतहटको पश्चिमी भेगमा पर्ने ईशनाथ नगरपालिका अन्तर्गत रहेको औरैयामा बनाना रिसोर्टमा आगलागी भएको छ । इशनाथ नगरपालिकाको वडा नम्बर-२ मा रहेको बनाना रिसोर्ट (केराबारी) मा शनिबार विहान ३:४० बजे आगलागी भएको हो ।



रिसोर्टका संचालक राकेश गुप्ताका अनुसार करिब ४० लाख रूपैयाँ बराबरको सामान जलेर नष्ट भएको छ । रिसोर्टमा करिब १५ लाख रूपैयाँ बराबरको विभिन्न कृषिमा प्रयोग हुने मेशीनहरू, खाधान्न, फर्निचर, फ्रिजलगायतका सामानहरू जलेर नष्ट भएको संचालक गुप्ताले बताए ।

सशस्त्र प्रहरी बीओपी औरैयाका सहायक प्रहरी निरीक्षक संजिव कुमार सिंहको कमाण्ड र नगरपालिकाको दमकलको सहायताले आगो नियन्त्रणमा लिइएको उनले बताए । आगलागीको मुख्य कारण पत्ता नलागिसकेको बताइएको छ ।

# अकबरे खुर्सानीले पाएन बजार



**म्याग्दी/मस-** म्याग्दीको धौलागिरि गाउँपालिका-७ शिवाङका कृषक ओमराज मगर लहलह फलेको अकबरे खुर्सानी कहाँ बेच्ने भन्ने चिन्तामा छन् ।

उनले सञ्चालन गरेको धौलागिरि कृषि तथा पशुपंक्षी फार्मको करिब छ रोपनी क्षेत्रफलमा लगाइएको अकबरे खुर्सानी पाक्न थालेपछि बजारको खोजीमा छन् ।

सिर्फ ओमराज मात्रै होइन्, पर्वतको जलजला गाउँपालिका-९ बनौका कृषक निर्मल पुनसमेत फार्ममा फलेको अकबरे खुर्सानी बिक्रीका लागि बेनी, बागलुङ र कुश्मा बजारमा भौतारिएका छन् ।

बनौ, शिवाङ र बेनी नगरपालिका-३ भकिम्लीमा व्यावसायिक रूपमा अकबरे खुर्सानी खेती गर्ने किसानहरूको साझा समस्या भनेकै बजार अभाव हो ।

ओमराजले गत वर्ष परीक्षणस्वरूप लगाएको ९० वटा बिरुवाबाट ३० हजार रुपैयाँ आम्दानी गरेपछि यस वर्ष छ रोपनी जमिनमा १२ हजार बिरुवा लगाएको बताए । यस क्षेत्रका किसानले पहिले अकबरे खुर्सानी घरायसी उपभोगका लागि मात्र उत्पादन गर्दै आएका थिए । व्यावसायिक उत्पादन भने हालैदेखि मात्रै सुरु गरिएको हो । बेनी, कुश्मा, बागलुङ र जोमसोमको बजारमा तराई तथा पूर्वी पहाडी जिल्लाबाट अकबरे खुर्सानी आयात हुने गरेकाले स्थानीय उत्पादन प्रतिस्पर्धामा पनि कमजोर परेको किसानहरूको भनाइ छ ।

तर, यहाँका किसानहरूले रासायनिक मल र विषादीको सट्टा जैविक विधिबाट खुर्सानीखेती गर्दै आएका छन् । उनीहरूले खिर्राको पात, तितेपाती, गाईभैंसीको गहुँत प्रयोग गरी रोग र किराबाट जोगाउने प्रयास गरेका छन् । साथै, झारपात नियन्त्रणका लागि मल्चिङ प्रविधि प्रयोग गरिएको छ । प्लास्टिकले जमिन छोप्दा झार पलाउन नदिने र बिरुवाले पर्याप्त पोषकतत्व पाउने भएकाले उत्पादन पनि राम्रो हुने किसान ओमराज बताउँछन् ।

हाल म्याग्दीका स्थानीय बजारमा अकबर खुर्सानीको मूल्य प्रतिकिलो २५० देखि ३०० रुपैयाँसम्म रहेको छ । दिउँसोको तापक्रम २२-२५ डिग्री सेल्सियस र रातिको तापक्रम १५-२० डिग्री सेल्सियस हुने उच्च पहाडी क्षेत्र तथा तराईमा अकबरे खुर्सानीखेती उपयुक्त मानिन्छ ।

तरकारी, दाल र अचारमा विशेष प्रयोग हुने ताजा अकबरे खुर्सानीको माग भए पनि स्थानीय किसानहरू बजार व्यवस्थापनमा समस्या खेपिरहेका छन् ।

जलजला गाउँपालिकाका उपाध्यक्ष दीपक आचार्यले अकबरे खुर्सानीको बजारीकरणका लागि स्थानीय व्यापारीहरूका साथै पोखरा र काठमाडौंका अचार उद्योगीहरूलाई कृषकसँग जोड्न पहल भइरहेको जानकारी दिए ।

# उपत्यकामा आपराधिक क्रियाकलापविरुद्धको 'अपरेसन' नरोकिने



**काठमाडौं/मस-**प्रहरीले आपराधिक क्रियाकलापविरुद्धको अभियान नरोक्ने स्पष्ट पारेको छ । जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक विश्व अधिकारीले गुण्डाहरूको गतिविधि निस्तेज पार्न काठमाडौंभरि नै अपरेसन जारी रहेको बताए ।

'गुण्डाहरूले टाउको उठाउने ठाउँ पाउने छैनन्, हाम्रो अपरेसन जारी छ, काठमाडौंमा यस्ता अवाञ्छित गतिविधि गरेकाहरूको नामावली सङ्कलन भइसकेको छ, खोजीखोजी कारबाहीको दायरामा ल्याइँदै छ', अधिकारीले भने ।

उक्त अभियानअन्तर्गत प्रहरीले शुक्रबार काठमाडौंको महराजगञ्जस्थित होटेल साम्बालाबाट ४७ जनालाई पक्राउ गरेको थियो । पक्राउ परेका ४७ जनामध्ये चक्रे मिलन भनिने मिलन गुरुङसहित १९ जनामाथि सार्वजनिक हितविपरीत गतिविधि गरेको कसुरमा मुद्दा दर्ता गरी सात दिनको म्याद थपेर अनुसन्धान भइरहेको उनले बताए ।

अन्य बाँकी २८ जनालाई भने प्रहरीमा हाजिर हुने गरी छाडिएको र उनीहरूमाथि पनि अनुसन्धान भने जारी रहेको उनले बताए। अधिकारीले भने, '१९ जनाविरुद्ध अन्य उजुरीहरु आउनसक्ने भएकाले जो कोहीले पनि उजुरी दिन सक्नुहुन्छ, उनीहरू अन्य केके अपराधमा संलग्न छन् भनेर पनि खोजी भइरहेको छ । छाडिएकाको हकमा पनि अनुसन्धान जारी नै छ ।'

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको सहयोगमा काठमाडौंमा आपराधिक गतिविधिविरुद्धको अपरेसन जारी रहेको प्रहरीले जनाएको छ ।

# गण्डकीको प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा 'हिस्टो प्याथोलोजी' सेवा

**गण्डकी/मस-** क्यान्सरलगायत संक्रमणजन्य रोगको प्रयोगशाला परीक्षणका लागि गण्डकी प्रदेश सरकारअन्तर्गत पहिलोपटक 'हिस्टो प्याथोलोजी' सेवा सुरु गरिएको छ। पोखरास्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाले उक्त सेवा सञ्चालनमा ल्याएको हो । यस सेवामार्फत शरीरका अंग तथा तन्तुको सुक्ष्म परीक्षण गरी क्यान्सरलगायतका रोग पत्ता लगाउन सकिने प्रयोगशालाका निमित्त प्रमुख डा.विश्वराज बरालले बताए ।




'शरीरको भित्री र बाहिरी अङ्गको केही भाग निकालेर त्यसको प्रशोधन र सुक्ष्म परीक्षण गरी रोग पत्ता लगाइन्छ', उनले भने, 'हिस्टो प्याथोलोजी जाँचबाट क्यान्सरलगायत जुनसुकै रोगको निदान गर्न सकिन्छ ।' संघ सरकारअन्तर्गतका अस्पताल र अन्य केही निजी अस्पतालमा यो सेवा केही वर्षअघिदेखि सुरु भएपनि प्रदेशको स्वास्थ्य मन्त्रालयले पहिलोपटक 'हिस्टो प्याथोलोजी' सेवा सुरु गरेको हो ।

स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले प्रदेशको स्वास्थ्य सेवा विस्तार र सुदृढीकरणमा यो सेवाबाट महत्वपूर्ण टेवा पुग्ने बताए ।

'प्रदेश सरकारमार्फत 'हिस्टो प्याथोलोजी' सेवा सुरु गर्नेमा हामी पहिलो बनेका छौँ, प्रयोगशाला जाँचमा अत्याधुनिक प्रविधि भित्राएका छौँ', उनले भने, 'क्यान्सर परीक्षणका लागि अन्यत्रका अस्पताल जानुपर्ने बाध्यता हटेको छ, प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाबाट सहज रुपमा यो सेवा उपलब्ध छ ।'

उक्त प्रयोगशालाले बिहान ८ बजेदेखि साँझ ५ बजेसम्म सेवा दिँदै आएको छ। सरकारी र निजी जुनसुकै अस्पतालबाट आएका नमुना परीक्षण गर्ने गरिएको प्रयोगशालाका निमित्त प्रमुख डा.बरालले बताए ।

'दिनमा ५० देखि एकसय जनासम्म बिरामीलाई परीक्षण सेवा प्रदान गर्दै आएका छौँ, प्रयोगशालामा २२ जना कार्यरत छौँ', उनले भने ।

मध्यान्ह
www.madhyanhadaily.com
१८ साउन २०८२ आइतबार
3 August 2025, Sunday

## सम्पादकीय

### सचेतनाकै खाँचो

सर्पदंशको उपचारका निम्ति सरकारले निःशुल्क मलम उपलब्ध गराउँछ । 'एन्टी स्नेक भेनम सेरम' मलम सर्पदंश केन्द्रबाट निःशुल्क वितरण गर्दै आएता पनि सर्पले टोकेर बिरामी हुनेको संख्या न्यून हुन सकेको छैन । विश्व स्वास्थ्य संगठनको विवरणअनुसार नेपालमा वार्षिक करिब एक सय जनाको सर्पदंशका कारण मृत्यु हुने गरेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्यांकअनुसार गत वर्ष ९ हजार १ सय २० जना सर्पले टोकेर बिरामी भएका थिए । यति ठुलो संख्यामा नेपालीहरू सर्पदंशबाट प्रभावित हुनुको कारण खोज्दा मानवीय व्यवहार नै जिम्मेवार रहेको पाइन्छ ।

चिकित्सकहरूका अनुसार गर्मी बढेसँगै सर्प जमिन बाहिर निस्कन्छन्, यो प्राकृतिक विषय हो । सर्पबाट छल्दै मानिसले जीवन जिउने हो । यसका निम्ति धेरै केही गर्नुपर्दैन । घर वरिपरि नियमित सरसफाइ गर्ने हो । सर्पलाई नचलाउने गर्दा मात्रै पनि बच्न सकिन्छ । सरकारी अधिकारीहरूका अनुसार सामान्यतयाः हिँड्दै गर्दा, घाँस काट्न जाँदा, खेतबारीमा काम गर्दा सर्पले टोक्ने गरेको पाइन्छ । जंगल, झाडीमा जाँदा सर्प छ कि छैन भन्ने ख्याल नगर्दा पनि समस्या हुने गरेको छ । घाँस काट्न जाँदा होस् वा खेतबारीमा काम गर्दा बुट र पञ्जा लगाउनेलगायतका सावधानीका उपाय नअपनाउँदा सर्पले टोक्ने गरेको छ । यो भनेको सचेतनाको खाँचो हो ।

सचेतनाका निम्ति व्यक्ति स्वयं सतर्क हुनु पहिलो सर्त हो । सरकारले पनि यसका निम्ति लगानी गर्न आवश्यक छ । सर्पदंशको उपचारका निम्ति 'एन्टी स्नेक भेनम सेरम' मलम निःशुल्क दिने जस्ता सहुलियतलाई निरन्तरता दिँदै सचेतनाका उपाय अपाउन भूमिका खेल्नुपर्छ । चिकित्सकका अनुसार सर्पले टोक्नासाथ दौडिने, भाग्ने गर्दा शरीरभरि विष फैलिने गर्छ । सर्पले टोक्नासाथ त्यहीँ बसेर सहयोग माग्न सकिन्छ, टोकेको ठाउँ नचलाउने, शरीरमा कस्सिएका घडी, चुरा, औँठी, पाउजु, पेटी खोल्ने, टोकेको दुई तीन इन्चमाथि कपडाले हल्का बाँध्दा विष शरीरभर फैलिनबाट रोक्न सकिन्छ । यो विषय सरकारले सञ्चारमाध्यम र सामाजिक सञ्जालबाट समेत जानकारी गराउन सक्दछ । घरेलु उपचारको नाममा सर्पले टोकेको ठाउँमा चुसेर रगत निकाल्ने, गोबर लगाउने, ढुंगाले घोट्ने, धामी झाँक्रीकोमा जाने गर्दा समेत बिरामीलाई असर पर्ने गरेको छ । यी कार्य नजानेर हुने हुन् । जानकारी दिने जिम्मेवारी सरकारको हो ।

# दलहरूभित्र खोजिएको लोकतन्त्र

*आजका युवा मतदाताहरू सचेत छन् । उनीहरू वाचा होइन, अभ्यास हेर्न चाहन्छन् ।*
*यदि दलहरूले आफूभित्र लोकतन्त्रको अभ्यास गर्न सकेनन् भने उनीहरू विकल्प खोज्न तयार छन्...*

अग्रलेख



● जन्मदेव जैसी

लोकतन्त्र भनेको केवल निर्वाचन वा सरकार गठनको प्रक्रिया मात्र होइन, यो एक जीवनशैली हो, जहाँ विविध मत, बहस, आलोचना, पारदर्शिता र सहभागिताको सम्मान हुन्छ । तर, जब कुरा राजनीतिक दलहरूको आन्तरिक संरचना र व्यवहारको तब नेपाली राजनीतिमा यो आदर्श औपचारिक भाषणमा सीमित हुन्छ । दलभित्रको लोकतन्त्रबारे प्रश्न उठाउनु भनेको मूल लोकतान्त्रिक अभ्यासमै प्रश्न उठाउनु जत्तिकै गम्भीर विषय हो । 'दलभित्र लोकतन्त्र कहिले आउला ?' भन्ने प्रश्न आजको सन्दर्भमा अत्यन्त सान्दर्भिक र आवश्यक छ ।

नेपालमा बहुदलीय प्रजातन्त्र आएको तीन दशक नाघिसक्यो । तर, राजनीतिक दलहरू आफैंभित्र कति लोकतान्त्रिक छन् भन्ने प्रश्न अझै अपूरो छ । संविधान, कानुन र नीति निर्माणका क्रममा लोकतन्त्रको कुरा भए पनि दलभित्रको निर्णय प्रक्रियामा त्यसको अभाव देखिन्छ । बहसको ठाउँ बन्द गरिन्छ, आलोचना गर्नेहरूलाई निष्कासन गरिन्छ अनि गुट उपगुटका आधारमा नेताहरू टिक्ने र टिकाइने परम्परा थालिन्छ । शीर्ष नेताहरू नै निर्णय गर्ने, तिनैको वरिपरि चाकरी गर्नेहरूको सञ्जाल निर्माण हुने र आलोचकहरूलाई 'विरोधी' को दर्जा दिइने संस्कृति हावी छ ।

लोकतन्त्रको पहिलो आधार नै सत्ता बाँडफाँट होइन, विचार र नीति निर्माणमा सहभागिता हो । पार्टीभित्र विभिन्न विचार उठ्ने, उनीहरूको बीचमा बहस चल्ने र त्यसपछि बहुमतको आधारमा निर्णय हुने प्रक्रिया स्वस्थ लोकतन्त्रको सूचक हो । तर, हाम्रो सन्दर्भमा अधिकांश दलहरूमा नेतृत्व चयन, नीति निर्धारण वा उम्मेदवार छनोटजस्ता महत्वपूर्ण कार्यहरू नेताको एकल निर्णयमा सीमित छन् । कार्यकर्ताहरू 'हजुर' भन्न सिकेका छन्, 'किन ?' भनेर सोध्न बिर्सेका छन् । प्रश्न उठाउनेहरूलाई किनारा लगाउने चलनले दलभित्र बहस र आलोचनाको सम्भाव नै मारेको छ ।

यसको परिणामस्वरूप पार्टीहरू व्यक्तिगत स्वार्थ र गुटीय गणितले सञ्चालित हुन थालेका छन् । विचारभन्दा पनि सम्बन्ध, निष्ठाभन्दा पनि चाकरी महत्वपूर्ण हुन थालेको छ । दलभित्रको लोकतन्त्र नहुँदा नेताहरूको सुदृढीकरण त हुन्छ तर संस्था कमजोर बन्छ । परिणामस्वरूप पार्टी जनतामुखीभन्दा व्यक्तिमुखी बन्छ । जनता नेताप्रति समर्पित हुनुपर्ने होइन, नीति र विचारप्रति समर्पित हुनुपर्ने हो तर पार्टीको आन्तरिक संरचना यस्तो छैन कि यसले नीति र विचारको बहसलाई प्रोत्साहन गरोस् ।

आन्तरिक लोकतन्त्र नहुँदा युवाहरूको उत्साह, महिलाको सहभागिता र जनजाति, दलितजस्ता समुदायहरूको प्रतिनिधित्व पनि केवल 'कोटामा' मात्रै सीमित हुन्छ । पार्टीको भित्री संरचना नै यस्तो खुम्चिएको छ कि युवालाई 'उदीयमान' भनेर वर्षौंदेखि चिनिन्छ तर जिम्मेवारी सुम्पिँदैन । महिला नेतृहरू 'महिला संगठन' मै सीमित हुन्छन्, तिनको भूमिका नेतृत्व तहमा कहिल्यै देखिँदैन । समान अवसरको नारा लागे पनि व्यावहारिक रूपमा दलहरूमा वर्ग, जात, लिंग र उमेरका आधारमा विभाजन स्पष्ट देखिन्छ ।

आन्तरिक लोकतन्त्रको अभावले दलहरूमा दीर्घकालीन योजना र विचारको विकास हुन सक्दैन । प्रायः हरेक निर्णय अल्पकालीन फाइदाका लागि गरिन्छ । जनताको मागअनुसार होइन, चुनावी समीकरणअनुसार नीति बन्ने गर्छ । उदाहरणका लागि, उम्मेदवार चयन प्रक्रियामा पार्टी कार्यकर्ताहरूको सुझावभन्दा बढी 'को जिताउँछ ?' भन्ने दृष्टिकोणले काम गर्छ । परिणामस्वरूप राजनीति व्यवसायीकरणतर्फ उन्मुख हुन्छ । विचार र आदर्शभन्दा पैसा र शक्ति प्रमुख हुने अवस्था निर्माण हुन्छ ।

दलभित्रको लोकतन्त्रलाई सुनिश्चित गर्न चुनावी प्रणाली मात्र



*'दलभित्र लोकतन्त्र कहिले आउला ?' भन्ने प्रश्न केवल मिथ्या नियमित बहसको विषय होइन, यो लोकतन्त्रकै भविष्यप्रतिको चिन्ता हो । जनताले लोकतान्त्रिक अभ्यास हेर्न चाहेका हुन्, व्यक्तिवादी निर्णय होइन...*

पर्याप्त छैन । त्यसका लागि संस्थागत सुधार, नेतृत्वमा परिमार्जनशीलता र संगठनात्मक पारदर्शिता आवश्यक हुन्छ । दलहरूमा नियम र विधानहरू त छन् । तर ती प्रायः अनुपालन हुँदैनन् । निर्णय प्रक्रियामा तल्लो तहका सदस्यहरूको आवाज समावेश हुन सक्दैन । महाधिवेशन नाम मात्रैको छ, जसको माध्यमबाट नेताहरू अनुमोदित हुन्छन् । वास्तविक बहस र विकल्प उठाउने उद्देश्य दुर्लभजस्तै हुन्छ ।

अर्को महत्वपूर्ण पक्ष हो- दलका नेता र कार्यकर्ताहरूको राजनीतिक संस्कार । राजनीतिक संस्कार भनेको केवल सत्ता प्राप्तिको युक्ति होइन, विचार र सिद्धान्तको अभ्यास हो । हाम्रो दलहरूमा राजनीतिक संस्कारको अभाव व्यापक छ । नेताहरू गम्भीर नीतिगत बहसभन्दा बढी जनभावनामा खेल्ने प्रवृत्तिमा रमाउँछन् । विचारमा मतभेद भए बहस होइन, बहिष्कार हुन्छ । फरक मत राख्नेलाई पार्टीविरोधी घोषित गरिन्छ । यस्तो प्रवृत्तिले अन्ततः लोकतन्त्रको जरा नै काट्छ ।

आजको युगमा सूचनाको पहुँच बढिसकेको छ । जनताले नेताहरूको गतिविधि र चरित्रलाई सजिलै मूल्यांकन गर्न सक्छन् । यस्तो अवस्थामा पनि राजनीतिक दलहरू पुरानै संरचना र अभ्यासमा सीमित रहिरहँदा, तिनीहरूको लोकप्रियता खस्कँदै जानु अस्वाभाविक छैन । दलभित्र लोकतन्त्र आएन भने, जनता पनि विकल्प खोज्न थाल्छन् । वैकल्पिक राजनीतिक शक्तिहरूको उदय पछिल्लो समयको यथार्थ हो, जसको मूल कारण दलभित्रको असन्तुलन हो । पुराना दलहरूले आफूलाई लोकतान्त्रिक भनेर चिनाए पनि व्यवहारले उनीहरू त्यसको ठ्याक्कै उल्टा छन् भन्ने जनताको धारणा बनिसकेको छ ।

यस्तो अवस्थामा 'दलभित्र लोकतन्त्र कहिले आउला ?' भन्ने प्रश्न केवल मिथ्या नियमित बहसको विषय होइन, यो लोकतन्त्रकै भविष्यप्रतिको चिन्ता हो । जनताले लोकतान्त्रिक अभ्यास हेर्न चाहेका हुन्, व्यक्तिवादी निर्णय होइन । उनीहरू 'सर्वसम्मत'का नाममा ' एकलौटी' शैली होइन, खुला बहस र जनप्रतिनिधित्वको सम्मान खोजिरहेका छन् । दलभित्र लोकतन्त्र आइसकेको छैन, तर अब ढिलो गरे यसको मूल्य केवल दलहरूले होइन, सिंगो प्रणालीले तिर्नुपर्नेछ ।

अब सुधारको दिशातर्फ फर्किनैपर्छ । त्यसका लागि पहिलो आवश्यक कुरा हो- दलभित्र आन्तरिक निर्वाचनको स्वच्छता र पारदर्शिता । दलहरूभित्र नेतृत्व चयन नेताको इच्छाले होइन, विधिवत निर्वाचनबाट चयन हुनुपर्छ । कार्यकर्ताहरूलाई आत्मनिर्भर र विचारशील बनाउन प्रशिक्षण आवश्यक छ- जहाँ उनीहरूले सोच्न, प्रश्न गर्न र निर्णय प्रक्रियामा संलग्न हुन सिकून् । युवा, महिला र अल्पसंख्यक वर्गको प्रतिनिधित्वलाई केवल अनुपातमा होइन, प्रभावशाली भूमिकामा पुर्‍याइनुपर्छ । आन्तरिक बहस र आलोचनालाई प्रोत्साहन गर्ने वातावरण निर्माण हुनुपर्छ, जहाँ फरक मत राख्ने सदस्यको सुरक्षाको ग्यारेन्टी होस् ।

यी प्रयास केवल सुधारका लागि होइनन्, दलहरूलाई दिगो बनाउन पनि अनिवार्य छन् । किनभने संस्थागत हैसियत नभएका दलहरू केवल नेताको जीवनसम्म मात्र टिक्छन् । व्यक्तिपिच्छे राजनीतिक दलहरू बन्ने र मर्ने परिपाटीले नेपाली राजनीतिमा स्थायित्व आउन सक्दैन । लोकतन्त्र भनेकै स्थायित्व हो तर त्यो दलभित्रबाटै सुरु हुन्छ ।

आजका युवा मतदाता सचेत छन् । उनीहरू वाचा होइन, अभ्यास हेर्न चाहेका छन् । यदि दलहरूले आफूभित्र लोकतन्त्रको अभ्यास गर्न सकेनन् भने उनीहरू पुराना दलहरूलाई विस्थापन गर्नेछन् । र त्यो विस्थापन प्रायः स्थायित्व र उत्तरदायित्वभन्दा अधिक अस्थिरता र आशंका बोकेर आउने खतरा हुन्छ । त्यसैले, आन्तरिक लोकतन्त्रको बहस विलम्बित गर्नु दलहरूकै लागि आत्मघाती हुनेछ ।

लोकतन्त्र एक अभ्यास हो- आफ्नो घरभित्रदेखि सुरु हुने अभ्यास । यदि राजनीतिक दलले आफ्नै घरभित्र आलोचना, बहस र विकल्प सुन्न नसक्ने भए भने ती दलहरूबाट जनताले आशा गर्नु बेकार हुन्छ । त्यसैले, 'दलभित्र लोकतन्त्र कहिले आउला ?' भन्ने प्रश्नको जवाफ आजका नेताहरूले दिनुपर्छ, कथन होइन, व्यवहारबाट । किनकि यो प्रश्न केवल राजनीतिक सुधारको होइन, नेपाली लोकतन्त्रको अस्तित्वको सवाल हो ।

## इतिहासमा आज

३ अगस्ट २०१० मा एक स्थानीय राजनीतिज्ञको हत्यापछि पाकिस्तानको कराँचीमा व्यापक दंगा भड्किएको थियो । जसमा कम्तिमा ८५ जनाको मृत्यु भयो भने कम्तिमा १७ अर्ब पाकिस्तानी रुपैयाँ (२० करोड अमेरिकी डलर) क्षति भएको थियो ।



३ अगस्ट २०१४ मा चीनको युनानमा ६.१ म्याग्निच्युडको भूकम्पले कम्तिमा ६१७ जनाको मृत्यु भएको थियो भने २४ सय भन्दा बढी घाइते भएका थिए ।



३ अगस्ट २०१८ मा पूर्वी अफगानिस्तानको एक शिया मस्जिदमा आत्मघाती हमलामा २९ जनाको मृत्यु भएको थियो भने ८० भन्दा बढी घाइते भएका थिए ।



३ अगस्ट २०१९ मा रूसको मस्कोमा चुनावी विरोध प्रदर्शनमा विपक्षी नेता ल्युबोभ सोबोलसहित ६ सय प्रदर्शनकारीहरूलाई पक्राउ परेका थिए । जसपश्चात प्रदर्शन कमजोर बनेको थियो ।



## सामाजिक सञ्जाल



**डम्बर खतिवडा**

कम्युनिस्ट पार्टी बुर्जुवा पार्टी जस्तो हुँदैन, हुन सक्दैन भन्नुको अर्थ के ? कम्युनिस्ट पार्टी कम्युनिस्ट नै हुन्छ, कहिल्यै लोकतान्त्रिक हुन सक्दैन भन्या हैन र ? त्यसो लोकतान्त्रिक राज्य प्रणाली र उदार विश्व व्यवस्था अलोकतान्त्रिक र अनुदार दलले नेतृत्व गर्न सक्छ ? वाहियात !



**नवराज पन्त**

बहुविवाह पनि गर्न पाउने कानुन 'ड्राफ्ट'गर्ने वकिललाई सरकारले निगरानीमा राख्नुपर्छ । यस्ता कानुन लागु भयो भने नेपालमा मुस्लिम शरणार्थी थुप्रिने, व्यभिचार वृद्धि हुने, अकाल्पनीक जनसंख्या वृद्धि भएर नेपाल सयौं वर्षको निम्ति तहसनहसको स्थितिमा पुग्न सक्छ । यस्ता वकिलको लाइसेन्स रद्द हुनुपर्छ ।



**प्रेमकान्त अधिकारी**

अस्थिरता जोगाउन वा बचाउन आलोपालो नेतृत्व हेरफेर गरेर भए पनि निर्वाचन अवधि पूरा गर्नुपर्छ भन्ने हेतु वर्तमान सत्तासीनले जे-जस्तो असंवैधानिक असंसदीय कुशासन गरिरहे पनि टुलुटुलु हेरेर सहेर बसिरहनु पर्ने भयो सबै देशवासीहरूले होइन त ? चाहे देशै नरहोस् तै पनि सबका सब चुपचाप !



**रञ्जित तामाङ**

पञ्चायतकालमा एक जना मन्त्रीले रंगशालामा फुटबल हेरेपछि सचिवलाई भनेछन्- एउटा भकुन्डोका लागि केटाहरू किन झगडा गरेको ? मन्त्रालय बोलाऊ, सबैलाई एउटा-एउटा भकुन्डो दिन्छु । अहिलेका अधिकांश मन्त्रीहरू पनि यस्तै देखिन्छन् । आफ्नो विषयमा ज्ञान छैन । अन्टसन्ट बोलेर वाक्क दिक्क बनाउँछन् ।

# राजनीतिमा 'युवा'को प्रतिनिधित्व

विचार



● सन्दीप पनेरू

*युवा राजनीतिमा आएमा समाज र प्रणालीमा नयाँ ऊर्जा, ताजगी र विश्वास जन्मिन्छ । उनीहरूले आर्थिक विकास, समावेशिता, सामाजिक न्याय र डिजिटल प्रविधिमा आधारित शासन प्रणाली स्थापना गर्न मद्दत गर्छन् । तर, त्यसका लागि राजनीतिमा 'युवा उमेर' मात्र होइन, 'युवा सोच' पनि आवश्यक पर्छ...*

राजनीति कुनै निश्चित उमेर समूहको मात्रै कुरा होइन । समाज परिवर्तनको केन्द्रमा रहेको राजनीति सबै वर्ग र पुस्ताको साझा दायित्व हो । तर, नेपाली सन्दर्भमा राजनीतिमा युवाको सहभागिता भने अझै पनि औपचारिक अवसरभन्दा भावनात्मक प्रयोगमा सीमित देखिन्छ । युवाहरूले परिवर्तनको सपना देख्छन्, नारा दिन्छन् र आन्दोलनमा अग्रसर हुन्छन्, तर निर्णय गर्ने तहमा पुग्न भने उनीहरूलाई अनेकौं अवरोध पार गर्नुपर्छ । त्यसैले आजको आवश्यकताको मूलमन्त्र बनेको छ- राजनीतिमा युवाको सार्थक र निर्णायक सहभागिता ।

नेपालको इतिहास हेर्दा, हरेक ठूला राजनीतिक परिवर्तनमा युवाको भूमिका अग्रणी रहँदै आएको छ । राणा शासनविरुद्धको संघर्ष, २०४६ को जनआन्दोलन, २०६२/०६३ को जनआन्दोलन वा पछिल्ला सडक संघर्षहरूमा समेत युवाहरूले अग्रसर भूमिका खेलेका छन् । तर, विडम्बनापूर्ण पक्ष के छ भने त्यस्ता आन्दोलनपछिका सत्ताहरूमा तिनै युवाहरू निर्णयात्मक भूमिकामा पुग्न सकेनन् । परिवर्तनका लागि युवालाई ढाल बनाउनेहरू परिवर्तनपश्चात् पुराना अनुहारमै केन्द्रित भए । युवा नेतृत्व सिर्जना गर्ने कार्य एक प्रकारको नारामा मात्र सीमित भयो ।

आजको पुस्ता नयाँ सोच, प्रविधिमैत्री व्यवहार, तेज गतिमा निर्णय लिने क्षमता र सिर्जनात्मक सोचले भरिएको छ । तर, तिनै युवालाई पार्टीभित्र भूमिका दिनका सन्दर्भमा पुराना पुस्ता अझै अनिच्छुक देखिन्छन् । कुनै पनि राजनीतिक दलको संरचना हेर्ने हो भने त्यसमा पनि नेतृत्व तहमा युवाको उपस्थिति न्यून नै देखिन्छ । ५० वर्ष नाघेका नेतालाई 'युवा नेता' भन्ने चलनले पनि नेपाली राजनीतिमा युवाप्रतिको दृष्टिकोणको स्तर प्रष्ट पार्छ । यस्तो संरचना परिवर्तन नगर्ने हो भने राजनीतिक प्रणाली जनसांख्यिक अनुपातअनुसारको प्रतिनिधित्व गर्न सक्दैन ।

त्यसैले युवालाई मात्र दोष दिन मिल्दैन । कतिपय अवस्थामा युवाहरू आफै पनि राजनीतिलाई 'फोहोर' भन्ने भ्रममा फस्छन् । उनीहरू जागिर, पढाइ र विदेश पलायनतिर आकर्षित भइरहन्छन् । फलतः राजनीति केही निश्चित वर्गको कब्जामा सीमित हुन्छ । यस्तो प्रवृत्तिले दीर्घकालीनरूपमा लोकतान्त्रिक अभ्यास र प्रतिनिधिमूलक शासन प्रणालीमै असर पार्न सक्छ । राजनीति परिवर्तनको मूल बाटो हो भन्ने बुझाइ युवामा विकास गर्न जरुरी छ । युवाहरूको राजनीतिमा संलग्नता मात्र पुग्दैन, उनीहरूलाई आवश्यक प्रशिक्षण, अवसर र प्रोत्साहन पनि दिनुपर्छ । विद्यालय र विश्वविद्यालयदेखि नै लोकतन्त्रको व्यवहारिक ज्ञान, नीतिनिर्माण प्रक्रिया, सामाजिक न्याय र नेतृत्व विकासबारे सिकाउन सकिने कार्यक्रमहरू सञ्चालन गरिनु आवश्यक छ । यस्तै, अवसरहरूबाट युवाले राजनीति र जनताबीचको सम्बन्ध बुझ्न सिक्नेछन् । उनीहरूले जिम्मेवार नेतृत्व विकास गर्न सक्नेछन् ।

प्रविधि र सामाजिक सञ्जालको प्रसारसँगै आजको युवा पुस्ता सजग, सचेत र चनाखो छ । उनीहरू राजनीति मात्र होइन, समाजको हरेक क्षेत्रमा परिवर्तन ल्याउन सक्षम छन् । तर त्यसका लागि उनीहरूलाई 'मौकाको राजनीति' होइन, 'मूल्यको राजनीति' सिकाउनु आवश्यक छ । राजनीतिक पार्टीभित्र पारदर्शिता, जवाफदेहिता र विचारको सम्मान कायम नभएसम्म युवा पुस्ताले पनि राजनीति प्रतिको विश्वास गुमाउँछन् ।

आज समय यस्तो छ जहाँ परम्परागत सोचले मात्र देश हाँक्न सकिँदैन । विज्ञान, प्रविधि, जलवायु परिवर्तन, लैङ्गिक समानता, उद्यमशिलता, शिक्षाको आधुनिकरणजस्ता विषयमा सक्रिय संवाद गर्न सक्ने नेतृत्वको खाँचो छ । यस्तो नेतृत्वको आशा अहिलेको युवा पुस्ताबाट गर्न सकिन्छ । उनीहरूलाई संसद् र सरकारसम्म पुर्‍याउने संरचनात्मक ढोका खोल्न जरुरी छ ।

अहिले पनि धेरैजसो दलहरूमा 'युवा संगठन' नामका मातहत निकाय छन्, तर ती संगठनहरू आफैं पुराना अनुहारकै कब्जामा छन् । युवाको नाममा संगठन, तर सञ्चालनमा जेष्ठ नेताहरूको नियन्त्रण- यस्तो विसंगति अन्त्य नगरेसम्म नयाँ नेतृत्वको उदय सम्भव देखिँदैन । युवालाई अवसर दिनु भनेको केवल उमेर हेरेर होइन, सोच, दृष्टिकोण र कार्यशैलीको आधारमा मूल्यांकन गर्नु हो ।युवा राजनीतिमा आएमा समाज र प्रणालीमा नयाँ ऊर्जा, ताजगी र विश्वास जन्मिन्छ । उनीहरूले आर्थिक विकास, समावेशिता, सामाजिक न्याय र डिजिटल प्रविधिमा आधारित शासन प्रणाली स्थापना गर्न मद्दत गर्छन् । तर, त्यसका लागि राजनीतिमा 'युवा उमेर' मात्र होइन, 'युवा सोच' पनि आवश्यक पर्छ । केही दलमा नयाँ पुस्ताका नेताहरू देखा पर्न थालेका छन्, जुन आशाको संकेत हो । ती प्रयासहरूलाई संस्थागत बनाउनुपर्ने आवश्यकता छ ।

अन्त्यमा, राजनीतिमा युवा पुस्ताको सहभागिता विकल्प होइन, आवश्यकता हो । यो सहभागिता नारामा सीमित होस् कि नीतिमा, त्यो निर्णायक बनोस् भन्ने अपेक्षा हो । युवाले राजनीति गर्न हिचकिचाउनु हुँदैन र राजनीतिक दलले युवालाई अवसर दिन हिचकिचाउनु हुँदैन । किनभने यही पुस्ताबाट भविष्य निर्माण हुन्छ । सच्चा लोकतन्त्रको जग त्यही बेला बलियो हुन्छ, जब युवा पुस्ताले नेतृत्व गर्न पाउँछ । यस्तो नेतृत्वले मात्रै समृद्ध र न्यायपूर्ण नेपाल निर्माण गर्न सक्छ ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । – सं.

# एनआरएनए एनसीसी कतारको ११औं राष्ट्रिय अधिवेशन सम्पन्न, अध्यक्षमा गिरी

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, १७ साउन



गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् (एनआरएनए एनसीसी) कतारको ११औं राष्ट्रिय अधिवेशन सम्पन्न भएको छ। क्राउन प्लाजाको सभाहलमा सम्पन्न अधिवेशनमा समितिका संयोजक केशव कार्कीको अध्यक्षता तथा गैरआवासीय नेपाली संघका अध्यक्ष डा.बद्री केसीको प्रमुख आतिथ्यता रहेको थियो। अधिवेशनलाई सम्बोधन गर्दै प्रमुख अतिथि केसीले कतार नेपालीको दोस्रो घर भएको बताउँदै एनआरएनए नेपाल सरकारकै अंग भएका कारण कतारका नेपाली श्रमिकको तलबमा पुनर्विचार गर्नुपर्ने बताए।

उनले एनआरएनए प्रवासमा रहेका नेपालीलाई एकीकृत गर्न बनेको सामाजिक संस्था रहेको बताए। एनआरएनएले आवाज उठाएका कारण श्रमिक कोष आएको बताउँदै उनले त्यो कोषमा ८ अरब भन्दा बढी जम्मा भएको हुँदा उक्त रकम श्रमिककै लागि खर्चनुपर्ने बताए।

केसीले एनआरएनए फुटाउन हक अधिकार कसैलाई नभएको बताउँदै एक कक्षामा फेल भएसी दुई कक्षामा जान नपाइने उदाहरण दिँदै निर्वाचनबाट हारेर समानान्तर समिति बनाउने कस्तो विधि हो ? भन्दै प्रश्न गरे। उनले अन्तर्राष्ट्रिय समितिको विधानमै एमआइस प्रणालीबाट सदस्यता वितरण गर्नुपर्ने लिखित प्रावधान भएपनि एनसीसी कतारले विधानत काम नगरेको, सदस्यता वितरणमा ढिला सुस्ती गरेको र कतारको अधिवेशन नै सार्ने रमेश भट्ट मातहतको एनसीसीले चाल चलेको हुँदा आफूहरूले कारबाही गरेर केशव कार्कीलाई संयोजक तोकी एनसीसीको अस्तित्व जीवित राखेको बताए।

केसीले जब शेष घले एनआरएनएमा अध्यक्षका रूपमा उदाए तबबाट नै संस्था दुर्घटनामा परेको आरोप लगाए। केसीले घलेले आफ्नी श्रीमतीलाई आइसीसीको अध्यक्ष बनाउन असफल भएपछि आइसीसी टुक्राएको दाबी गरे।

कतार सरकारका प्रतिनिधि लेबर डिपार्टका हेड अफ अवयरनेश गाइडेन्स फर लेबरका अलि सलाहा अल खलाफले कतारमा नेपालीहरूले राम्रो काम गरिरहेको र बाँकी आफूहरूले थप छलफल गर्ने बताए।

कतारमा रहेका विभिन्न संघसंस्थाका अध्यक्ष तथा प्रतिनिधिहरुले शुभकामना मन्तव्य राख्दै नयाँ समितिले कतारका संघसंस्थासँग सहकार्य गर्न आग्रह गर्दै एनसीसी दुई धारमा बग्दा समाजमा सहकार्य गर्नै अप्ठ्यारो परिरहेको बताए। अधिवेशनमा कलाकार हरूले आफ्ना सांगितिक प्रस्तुति समेत दिएका थिए।

कतारमा रहेका र एनसीसीसँग सहकार्य गरिएका संघसंस्थासहित अधिवेशनमा सांगीतिक प्रस्तुति दिने कलाकारसहित निर्वाचन समिति, निवर्तमान कार्यसमिति तथा आयोजक कमिटीका पदाधिकारी तथा सदस्यहरूलाई सम्मान गरिएको थियो।

आयोजक समितिका सदस्य सचिव रोशन अर्याल सहजीकरण गरेको अधिवेशनमा शिव भुजेलले स्वागत मन्तव्य राखेका थिए। राष्ट्रिय अधिवेशनको समापन गर्दै सभाध्यक्ष कार्कीले आफ्नो नेतृत्वमा रहेको समितिले अधिवेशन गराउने जिम्मेवारी पाएसँगै सबैको साथ स्नेहले अधिवेशन भव्य भएको बताए।

आफू एनसीसी अभियानमै रहेर समाजको हितमा लाग्ने उनले बताए। एमआईएस प्रणालीमार्फत ४ हजार ६ सय ३ जनाले पञ्जीकृत सदस्यता लिएका छन्। २५ कतारी रियाल पञ्जीकृत सदस्यता शुल्क रहेको थियो भने सदस्यतामार्फत १ लाख १५ हजार ७५ रियाल अर्थात् करिब ३८ लाख रुपैयाँ आम्दानी गरेको छ।

शुक्रबार राष्ट्रिय अधिवेशन सम्पन्न भएपनि वैधानिक बाध्यताका कारण एनसीसी कतारले बिहीबार साँझ प्रमाणपत्र वितरण तथा शपथग्रहण कार्यक्रमको आयोजना गर्दै पदम गिरी (तनहुँ)को अध्यक्षतामा सर्वसम्मत चयन भएको ३६ सदस्यीय कार्यसमितिले शपथग्रहण गरेको थियो।

निर्वाचन समितिका संयोजक कमलमणि गुरागाईँले सर्वसम्मत चयन भएको कार्यसमितिलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए।

कार्यसमितिको प्रथम उपाध्यक्षमा रोशन अर्याल, द्वितीय उपाध्यक्ष सुवास बहादुर थापा, तृतीय उपाध्यक्ष लीला राई, महिला उपाध्यक्ष रामकुमारी तामाङ, युवा उपाध्यक्ष टंक बहादुर वि.क., महासचिव शिव भुजेल, सचिवहरूमा क्रमशः खेमराज सुबेदी, ईसिलाल पण्डित र शंकरमान राई, कोषाध्यक्षमा प्रेम कुमार बस्नेत, सह-कोषाध्यक्षमा मो. आजाद मन्सुर, महिला संयोजक अप्सना मिया, युवा संयोजक छम बहादुर चन्द (सुलभ) रहेका छन्।

त्यस्तै कार्यसमिति सदस्यहरूमा बलराम कौशल, शेख फैयाज, कृष्ण ढकाल, भानुभक्त शर्मा, निराज स्याङ्तान, मानसिंह वि.क, किरण परियार, दीपेन्द्र गैरे, गुणराज कटुवाल, सुशील गौतम, ईशान रेग्मी, रबिन खत्री, प्रेम प्रकाश शाही, रबिन अधिकारी, सियाराम यादव, अर्जुन कुमार यादव, प्रतिमा शिवा, रमेश महर्जन, युवराज पोखरेल रहेका छन्।

एनसीसीको लेखा समिति संयोजकमा पदमबहादुर रानाभाट, सदस्यद्वयमा साजिद एकवल, हेमराज रिजाल रहेका छन्। त्यस्तै आइसीसी सदस्यहरूमा झविन्द्र बेबासले, ईश्वरराज पौडेल, शिव कुमार महतो र मीनराज वाग्ले रहेका छन्। शपथग्रहणपछि बोल्दै अध्यक्ष गिरीले विषम परिस्थितिबीच अधिवेशन गर्नुपरेको बताउँदै अदालतको फैसलाका कारण एनसीसी दुई वटा जस्तै बनेको बताए।

# प्रदेश बनाउने जिम्मेवारी मिडियाको पनि हो : मुख्यमन्त्री आचार्य

**सुर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १७ साउन



लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सञ्चार क्षेत्रलाई सकारात्मक ढंगले अगाडि बढ्न आग्रह गरेका छन्।

राष्ट्रिय टेलिभिजन प्रशारक संघ लुम्बिनी प्रदेशको नवनिर्वाचित कार्यसमितिको पद हस्तान्तरण समारोहमा बोल्दै मुख्यमन्त्री आचार्यले प्रदेश सरकार मिडिया क्षेत्रको दिगो स्थापनाका लागि प्रतिबद्ध रहेको बताए। उनले लुम्बिनी प्रदेशको समृद्धि र विकासका लागि सञ्चार क्षेत्रले सम्भावना पहिचान गर्दै सकारात्मक योगदान दिनुपर्नेमा जोड दिए। 'मुलुक बनाउन बाहिरबाट कोही आउँदैन, हामी आफैंले बनाउनुपर्छ,' उनले भने, 'अब प्रदेश बनाउने जिम्मेवारी हाम्रो हो।'

मुख्यमन्त्री आचार्यले सरकारले समस्याको समाधानका लागि सुन्न र कार्यान्वयनमा जान तयार रहेको स्पष्ट पारे। साथै, मिडिया संस्थाको संख्या बढेसँगै सरकारले बजेटको आकार पनि बढाउनेतर्फ ध्यान दिएको बताए। 'राजस्वमा डेढ अर्बले वृद्धि गर्न सकेका छौं। सुरुमा योजना कम थिए, अहिले ती योजना विस्तार भएका छन्,' उनले उल्लेख गरे।

उनका अनुसार, प्रदेश सरकारले सञ्चार क्षेत्रमा विगतको तुलनामा बढी बजेट विनियोजन गरेको छ। १२ वटै जिल्लालाई समान दृष्टिकोणका साथ महत्त्व दिइएको र मिडियाको हकहितका लागि वकालत भइरहेको पनि उनले बताए।

'सञ्चार समन्वय परिषद्को भूमिका थप प्रभावकारी बनाउन कानुनी सुधारको प्रक्रिया अघि बढाइएको छ,' उनले भने,' अहिले अर्थ मन्त्रालयमा पुगेको ऐन मन्त्रिपरिषद् हुँदै यही वर्षे अधिवेशनमा सदनमा प्रस्तुत हुनेछ। सञ्चार ऐनमा आवश्यक सुधार यही वर्ष हुन्छ।' कार्यक्रममा लुम्बिनी प्रदेश सञ्चार समन्वय परिषद्का अध्यक्ष यमबहादुर गाहा 'मिलन' ले सञ्चार क्षेत्रको सुदृढीकरणलाई प्राथमिकतामा राख्नुपर्ने धारणा व्यक्त गरे।

राष्ट्रिय टेलिभिजन प्रशारक संघका केन्द्रीय उपाध्यक्ष विष्णु भुसालले प्रदेशमा समानुपातिक विज्ञापन वितरणको नीति आवश्यक रहेको बताए।

नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य रामराजप्रसाद पोखरेलले आशा जगाउने खालका कार्यमा सञ्चार क्षेत्र लाग्नुपर्नेमा जोड दिँदै सकारात्मक विषयवस्तुलाई प्राथमिकता दिनुपर्ने बताए। लुम्बिनी उद्योग वाणिज्य महासंघका अध्यक्ष कृष्णप्रसाद शर्माले प्रदेशको आर्थिक विकास र सञ्चारको दिगो सञ्चालनका लागि वातावरण निर्माण राज्यको जिम्मेवारी भएको बताए। उनले तथ्य र प्रमाणमा आधारित पत्रकारिता आजको आवश्यकता रहेकोमा जोड दिए।

उद्योग परिसंघ लुम्बिनीका अध्यक्ष एजाज आलमले मिडियाले निजी क्षेत्रको प्रवर्द्धनमा सहयोग पुर्‍याउने गरी काम गर्नुपर्ने धारणा राखे। चेम्बर अफ कमर्स लुम्बिनीका अध्यक्ष टंकप्रसाद पोखरेलले एकीकृत आवाज र आशावादी दृष्टिकोणसहित निजी क्षेत्रको समृद्धिका लागि सञ्चारको सहयोग अपरिहार्य रहेको बताए।

नेपाल पत्रकार महासंघ रुपन्देहीका अध्यक्ष दिनेश पाण्डे लगायतले आ-आफ्ना धारणा राखेका थिए। कार्यक्रममा राष्ट्रिय टेलिभिजन प्रशारक संघ लुम्बिनीका निवर्तमान अध्यक्ष नरेश केसीको नेतृत्वमा रहेको कार्यसमितिले नवनिर्वाचित अध्यक्ष गोपाल ज्ञवालीको कार्यसमितिलाई पद हस्तान्तरण गरेको थियो।

# 'सेफ नेपालः द प्रोफेसनल्स'मा १२० आवेदन, २१ जनाको प्रमाणीकरण

**अनु ढकाल/मध्यान्ह**
काठमाडौं, १७ साउन




व्यावसायिक सेफबीच हुने प्रतिस्पर्धात्मक कुकिङ रियालिटी शो 'सेफ नेपालः द प्रोफेसनल्स'का लागि हालसम्म १ सय २० जना सेफहरुले आवेदन दिएका छन्। आयोजकका अनुसार नेपाल तथा विभिन्न विदेशी देशमा कार्यरत सेफहरूले शोमा सहभागी हुन आवेदन दिएका हुन्।

नेपालमा कार्यरत ३५ वटा होटल, रेस्टुरेन्ट तथा शैक्षिक संस्थामा आबद्ध सेफहरूले आवेदन दिएका छन् भने विदेशमा कार्यरत ६५ जना सेफहरूबाट आवेदन प्राप्त भएको छ। विदेशतर्फ भारतबाट २४, अष्ट्रेलियाबाट ८, दुबईबाट ६, साउदी अरेबियाबाट ५, कतारबाट ४, बेलायतबाट ३, डेनमार्क, अमेरिका, माल्दिभ्स र कुवेतबाट २/२ तथा स्विडेन, क्यानडा, हङकङ, सेसेलिस, ओमन, क्रोएसिया, साइप्रसलगायत देशहरूबाट सेफहरूले आवेदन दिएका छन्।

हालसम्म प्राप्त १ सय २० मध्ये २१ जना सेफहरूको प्रमाणीकरण प्रक्रिया पूरा भइसकेको छ। प्रमाणीकृत सेफहरूको नामावली सेफ नेपालको वेबसाइट र सामाजिक सञ्जालमार्फत सार्वजनिक गरिनेछ।

यो रियालिटी शो विशेषगरी प्रोफेसनल सेफ हरूको लागि हो। सहभागीले कमर्सियल किचनमा पाँच वर्षभन्दा बढीको अनुभव राखेको हुनुपर्छ र डेमी सिडिपीभन्दा माथिल्लो तहको पदमा कार्यरत हुनुपर्नेछ।

हालसम्म आवेदन दिएका सेफहरू विश्वका ख्यातिप्राप्त होटल र रेस्टुरेन्टमा कार्यरत छन्। जसमध्ये दुशित प्रिन्सेस, भिभान्ता, साउदी एयरलाइन्स क्याटरिङ, दुशित थानी माल्दिभ्स, एकेडेमी अफ कलिनरी आर्ट्स, सिल्भर माउन्टेन कलेज, मेरियट काठमाडौं, होटल ताज मुम्बई, हायात रेजेन्सी, जुमेराह मस्कट ओमन, मर्क्युर होटल, आल्मा होटल रियाद लगायत संस्थानहरू रहेका छन्।

देश तथा विदेशमा रहेका इच्छुक सेफहरूका लागि आवेदन खुला नै छ। इच्छुकले सेफ नेपालको वेबसाइटमार्फत दर्ता गर्न सक्नेछन्। आवेदन गर्दा सेफहरूले आफ्नो सम्पूर्ण विवरण, फोटो र बायोडाटा अनिवार्यरूपमा अपलोड गर्नुपर्नेछ। आयोजकका अनुसार चाँडै आवेदन प्रक्रिया बन्द गरिनेछ र रियालिटी शोको अन्य तयारीहरू तीव्र रूपमा अघि बढाइनेछ। शो सम्बन्धी थप जानकारी सेफ नेपालको वेबसाइट र सामाजिक सञ्जालबाट प्राप्त गर्न सकिनेछ।

**UAE मा रोजगार** Al Hadeer Contracting LLC पूर्व स्वीकृती मिति: २०८२/४/१५ चलानी नं.: ६०२४२११८ LT No. 328285

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Ordinary Labour | 25 | कामसम्म दक्ष | 1000 | ३८,२२५।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | [illegible] कम्पनीले | रु. २,५९६।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०८२ साउन २५ गते (10 Aug., 2025) यस प्रा. लि. कार्यालय बसुन्धारा काठमाडौंमा हुनेछ।

**क्यापिटल इन्टरनेशनल म्यानपावर प्रा. लि.** श्रम ईजाजत नं.: ५४३/०६१/०६२
बसुन्धारा-०९, काठमाडौं, फोन: ०१-४९५९७७२, ४९८४१९०, ४९८४१९१
देबी प्रसाद अधिकारी ९७०६९४८८७६, Email: capital2004@yahoo.com " Real Happiness Lies in Making Other Happy"

## काठ लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०४/१८**

कञ्चनपुर जिल्ला वेदकोट नगरपालिका-५ स्थित बछेला सा.व.उ.स.को वन क्षेत्रबाट आ.व.२०७७/०७८ मा उत्पादन भई घाटगद्दीमा राखिएको कुल ५० गोलिया थानको परिमाण २४५.२ क्यूफिट खयर जातको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा बिक्री गर्न पर्ने भएकोले सुचिकृत कत्था उद्योगले मात्रै यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरीद गरी २२औं दिनमा दिउसो ठिक १२ बजेभित्र सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। पूर्ण व्यहोराको सूचना सा.व.उ.स को सूचना पार्टीमा टाँस गरिएको छ।

**विष्णुराम दमाई (अध्यक्ष) सम्पर्क मोवाईल नं. ९८४८७२०१८६**

## घोडाघोडी बहुमुखी क्याम्पस

**सखड, कैलाली**

**बोलपत्र आह्वानको सूचना**

**प्रकाशित मिति : २०८२/०४/१८ (3 August 2025)**

यस क्याम्पसको शैक्षिक भवन निर्माण सम्बन्धी बोलपत्र सूचना IBF No : NCB/UGC/GMC/WORK-001/2082/083, Http bolpatra.gov.np/egp मा प्रकाशित गरीएको छ। बिस्तृत जानकारीको लागि यस क्याम्पसमा सर्म्पक राख्न हुन तथा सम्बन्धित Web : https://bolpatra.gov.np/egp हेर्न हुन जानकारी गराइन्छ।

**क्याम्पस प्रमुख**

## चन्द्रपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**चन्द्रनिगाहपुर, रौतहट,**

**मधेश प्रदेश, नेपाल**

**बोलपत्र/दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०८२/०४/१८**

यस कार्यालयको मिति २०८२/०३/०९ गते प्रथम पटक प्रकासित सूचना अनुसार र मिति २०८२/०३/३१ गते दोस्रो पटक प्रकाशित सूचनाअनुसार तपशिल बमोजिमको कार्यको लागि दर्ता हुन आएको सिलबन्दी बोलपत्र र दरभाउपत्र मूल्याङ्कन गर्दा देहाय बमोजिमका बोलपत्र "अधिकतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही" भएकोले कार्यालयको मिति २०८२/०४/१८ गतेको निर्णय अनुसार सम्बन्धित सबैको जानकारीको लागि ७ दिने आशयको सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि. नं. | ठेक्का नं. | कार्यको विवरण | स्वीकृत हुने फर्मको नाम | कबोल अंक (मू.अ.कर बाहेक) |
|---|---|---|---|---|
| १. | १०/२०८२-०८३ | नुनथर पर्यटकीय क्षेत्र | श्री माँ खिर भवानी कन्सट्रक्सन एण्ड सप्लार्यस चन्द्रपुर - १० | रु ३४,२०,०००। |
| २. | ०८/२०८२-०८३ | डुमरिया हाटबजार | श्री दिनेश चौधरी कोल्ड स्टोर चन्द्रपुर ९ | रु १२,३०,८०० । |

**चन्द्रपुर नगरपालिका**

## निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

लिलाइ साहुको नाति, सरुप साहुको छोरा, धनुषा जिल्ला, देउरी परवाहा गा.बि.स वडा नं.०७ हाल औरही गा.पा वडा नं. ०२ बस्ने, यस बैंकको औरही शाखा कार्यालयको खातावाला राम विलास साहुको मिति २०८२/०३/१० मा मृत्यु भएकाले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको पत्नी श्रीमती रामपुकारी देवी सुडिनले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ। सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ।

लक्ष्मी सन्‌राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

## सार्वजनिक सुनुवाई कार्यक्रम आह्वान गरिएको सूचना

**(प्रकाशित मिति : २०८२/०४/१८ गते)**

बागमती प्रदेश, रामेछाप जिल्ला, **जन्खिटार – महादेवटार धुले पीपल वडा कार्यालय पोखरीडाँडा सडकमा पर्ने बफर खोला पुल (२० मिटर)** प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारको क्रममा आयोजना प्रभावित क्षेत्रमा सार्वजनिक सुनुवाइ कार्यक्रम आयोजना गरिएको हुनाले सम्बन्धित सबै प्रस्ताव कार्यान्वयन हुने क्षेत्रका प्रभावित स्थानीय समुदाय, संघ संस्था तथा सरोकारवाला व्यक्ति तथा निकायहरूलाई तल उल्लेखित मिति, स्थान र समयमा सहभागी भइ राय सुझाव उपलब्ध गराइदिनु हुन अनुरोध गरिएको छ।

**सार्वजनिक सुनुवाई कार्यक्रम**

स्थान : मन्थली नगरपालिका वडा नं ८ चिसापानी
मिति : २०८२/०४/१९ गते
समय : बिहान ११ बजे
**प्रस्तावक** : बागमती प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय, यातायात पूर्वाधार निर्देशनालय, **पूर्वाधार विकास कार्यालय, रामेछाप**
**परामर्शदाता** : वास्तुशिल्प आर्किटेक्स एण्ड विल्डर्स प्रा.लि, कलंकी, काठमाडौं -१३, काठमाडौं, फोन नं : ९८५७०८५९५९

## काठ लिलाम बिक्री सम्बन्धी सूचना

**पुन : दोस्रोपटक प्रकाशित मिति : २०८२/०४/१८**

कञ्चनपुर जिल्ला वेदकोट नगरपालिका-६ मुसेपानीस्थित श्री गणेश सा.व.उ.स. अर्न्तगत निर्माणाधिन महाकाली सिचाँई परियोजना तेस्रो चरणको मुल नहर क्षेत्रबाट निर्माणको क्रममा आ.व.२०७७/०७८ मा संकलन भई घाटगद्दीमा राखिएको कुल ६० गोलिया थानको परिमाण २२७.७५ क्यूफिट खयर जातको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा बिक्री गर्न पर्ने भएकोले सुचिकृत कत्था उद्योगले मात्रै यो सूचना पुनः दोस्रोपटक प्रकाशित भएको मितिले १५ दिन भित्र बोलपत्र खरीद गरी १६औं दिनमा दिउसो ठिक १२ बजेभित्र सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। पूर्ण व्यहोराको सूचना सा.व.उ.स को सूचना पार्टीमा टाँस गरिएको छ।

**किसनसिंह भण्डारी (अध्यक्ष) सम्पर्क मोवाईल नं. ९८१०७११९७७**

## चतुर्भुजेश्वर जनता बहुमुखी क्याम्पसको लागि प्राध्यापक आवश्यकता

१. पद: उप-प्राध्यापक
२. बिषय: अर्थशास्त्र
३. सेवा: करार
४. उमेर: निवेदन समावेश गर्ने अन्तिम दिनसम्म ४० बर्ष नकटेको
५. न्युनतम शैक्षिक योग्यता: अर्थशास्त्र मूल विषय लिई स्नातकोत्तर तह कम्तिमा दोश्रो श्रेणीमा उतिर्ण भएको
६. परीक्षाको किसिम: लिखित, अन्तर्वार्ता र कक्षा अवलोकन
७. दरखास्त दस्तुर: २००० (दुई हजार) मात्र क्याम्पसको नाममा Nepal Investment Mega Bank मा रहेको हिसाव नं १०००१०५००००००८६ मा दस्तुर जम्मा गरेको सक्कल भौचर

**बिस्तृत जानकारीका लागि: www.cjmcsarlahi.edu.np/ 9855045677**

**क्याम्पस प्रमुख**

## काठ र दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०८२/०४/१८**

शिवगढी सामुदायिक वन उपभोक्ता समूह, शिवराज न.पा. ०९, कपिलवस्तुको वन क्षेत्रबाट नियमानुसार आ.व.२०८१/०८२ मा संकलन गरी उत्पादन भएका काठ/दाउरा सा.व.उ.स. को घाटगद्दीमा लट बनाई राखिएको साल, खयर, कर्मा, बाँझी, जामुन, दबदबे, अन्य, कुसुम, अस्ना, सिसौ, सतिसाल तथा हर्रो जातको गोलिया थान ११२८ को ५१५७.०१ क्यु.फि. काठ तथा साल र अन्य जातको २९.७५ (साल ११, अन्य १८.७५) चट्टा दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। रित पुगेका इच्छुक वन पैदावारमा आधारित (काठ/दाउरा) संचालनमा रहेका उद्योगहरुले मात्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन सम्ममा बोल पत्र खरिद गरि २२ औं दिन भित्रमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण ब्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री शिवगढी सामुदायिक वन उपभोक्ता समूह, शिवराज न.पा -०९, कपिलवस्तु**

# धुर्कापानीको 'दिनमा पनि रातमा पनि'




**काठमाडौं/मस–** डा तारानाथ घिमिरे 'धुर्कापानी'को गीत र वरिष्ठ गायक तथा संगीतकार विष्णु अधिकारको स्वरसंगीतमा सिर्जित 'दिनमा पनि रातमा पनि' बोलको गीत सार्वजनिक भएको छ ।

डिआर सिर्जना संसारले आज आयोजना गरेको कार्यक्रममा ' मदन पुरस्कार' विजेता तथा वरिष्ठ कवि नवराज लम्सालले ती कृति सार्वजनिक गरेका हुन् ।

'यो गीत चोटहरुको संग्रह हो, संवेदनाले चेतनामा हिर्काउँदा सिर्जना हुने गीतसंगीत हो,' पाँच सयभन्दा बढी गीत लेखिसकेका गीतकार डा लम्सालले भने, 'आफ्नो संवेदनलाई गीतमार्फत प्रस्तुत गरिएको भए पनि सिर्जनालाई सुन्दर मालामा उनेर सजाइएको छ ।' अनुसन्धानकर्ता डा विष्णु दाहालले आफूले निकै लामो प्रयासपछि गीतलाई मूर्तरुप दिन सफल भएको अनुभव सुनाए । ' मानिसको म- मनमा बस्नका लागि निकै मेहनत गर्नुपऱ्यो,' उनले भने, 'राम्रो सिर्जना तयार हुँदा खुसी छु ।'

त्रिभुवन विश्वविद्यालय पाटन संयुक्त क्याम्पस मानवशास्त्र विभागका उपप्राध्यापक तथा गीतकार डा विष्णु दाहालले मानिस बदलियो भने गीतसंगीतमार्फत प्रस्तुत गर्ने गरेको भए पनि समाज परिर्वतन भयो भने आत्मसात् गर्न कठिन भएको अनुभव सुनाए ।

वरिष्ठ संगीतकार राजु सिंहले सुगम संगीतले दर्शक-स्रोतको मन तानिरहेको बताए । 'यो गीतमा शब्दको उच्चारण, विन्यास राम्रो छ, गीत प्रचारका लागि मात्रै होइन, नयाँ पुस्ताको शैलीमा केही कमजोर जस्तो देखिए पनि विषयवस्तु गहन देखिन्छ, जुन कुरा मानिसले भन्न सक्दैन, सिर्जनामार्फत ल्याउँछ, त्यो नै सिर्जना हो, गीत हो, साहित्य हो,' उनले भने ।

संगीत रचना तथा गायनको अनुभूति वरिष्ठ गायक तथा संगीतकार विष्णु अधिकारीले मानिसले व्यवहारमा भोगेका विषयलाई गीतमार्फत प्रस्तुत गरिएको बताए । 'सिर्जनाले मानिसको मन छुन सक्नुपर्छ,' उनले थपे, 'गीतका प्रत्येक शब्दले मानिसको हृदयमा छुन्छ ।' त्रिवि रत्न राज्यलक्ष्मी क्याम्पसका उपप्राध्यापक तथा गीतकार डा गीता त्रिपाठीले भनिन्, 'गीतमा प्रेम पनि छ, सम्वेदना पनि गहिरो छ, पवित्र आँशुले दुःख पीर सबै धोएको छ ।'

त्रिवि पाटन संयुक्त क्याम्पस राजनीतिशास्त्र विभागका सहप्राध्यापक गीतकार डा तारानाथ घिमिरे धुर्कापानीले आफ्ना भावनालाई गीतमामार्फत लेखेको बताए । 'प्रेम प्राप्तिपछि सकिन्छ, तर म प्राप्तिको कल्पनामा रमाउने सर्जक हुँ,' उनले भने, 'सिर्जना कतिबेला केस्तो अवस्थामा बन्छ थाहा हुँदैन ।'

साहित्यकार तथा सञ्चारकर्मी हेम भण्डारीले डा धुर्कापानी जस्तो सुन्दर रचनालाई मूर्तरुप दिनु आफैंमा महत्वपूर्ण काम भएको र गीत साच्चै मानिसको हृदयलाई हुने खालको भएको बताए । उनले भने, 'डा धुर्कापानी साहित्य र संगीत भनेपछि राबै काम छोडेर चुर्लुम्मै गुम्ने व्यक्तित्व हो ।'

इलाम जिल्लाको इलाम नगरपालिका तोरीबारीमा जन्मिएका डा धर्कापानी त्रिविका राजनीतिशास्त्रका सहप्राध्यापक हुन् । पाटन संयुक्त क्याम्पस राजनीतिशास्त्र विभागका विभागीय प्रमुख, लेखक वकिल, गीतकार, गजलकारसमेत हुन् । वियोगान्त परिवेशलाई विशिष्ट लय प्रदान गर्नु उनको गीति लेखनको विशेषता बन्न पुगेको छ ।

## 'आँशु झार्दिन' सार्वजनिक

**काठमाडौं/मस–** शहीद कमलप्रसाद शर्माको जीवनीमा आधारित 'आँशु झार्दिन' नामक आधुनिक गीतको म्युनिक भिडियो सार्वजनिक गरिएको छ । आधार महिला समाज नेपालले शनिबार आयोजना गरेको 'म्युजिक भिडियो सार्वजनिक' कार्यक्रममा नेकपा माओवादी केन्द्रकी स्थायी समिति सदस्य जयपुरी घर्तीले उक्त गीतको म्युजिक भिडियो सार्वजनिक गरेकी हुन् । गीतमा शहीद शर्माकी धर्मपत्नी भगवती प्रधानको शब्द संकलन रहेको छ भने गायिका निर्मला घिसिङले स्वर दिएकी छन् । रमण थामीले संगीत संयोजन गरेको सो गीतको म्युजिक भिडियोमा कलाकार मिराज विक्रम सिंह, मान्सी शर्मा, टीका बाँस्तोला, गणेश जिसी, मानव चौधरी, सुनिल विश्वकर्मा, कविता पुन मगर, प्रस्तुति परियार, सन्ध्या मगर, सरोज राई, निशा खडका र राधिका साउदले अभिनय गरेका छन् ।


## एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलको ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतीस) दिने सूचना

**(प्रकाशित मितिः २०८२।०४।१८ को मध्यान्ह राष्ट्रिय दैनिक)**

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरूले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीहरुले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला । उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानून तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्री गरी यस बैंकको लेना रकम असुल उपर गरिनेछ । कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असूल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम अन्य कानूनी कारवाहीहरुको प्रकृया थालनी गरिने ब्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो जमानी दिनु हुने महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

**तपसिल**

**ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र धितो लेखिदिएको सम्पत्तिको विवरणः**

**१. ऋणीको नामः रोजगार पोल्ट्री एण्ड फिड सप्लायर्स** **कर्जा शिर्षकः** आवधिक कर्जा र सवारी साधन कर्जा
(नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय विराटनगरमा दर्ता रहेको), दर्ता नं.: २६९३१, दर्ता मितिः २०७१/१०/०८, स्थायी लेखा नं.: ३०५५०११६३, ठेगानाः मोरंग जिल्ला, उर्लावारी न.पा, वडा नं. ०६ ।

**प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः**
**कपिल प्रसाद गौतमः** ना.प्र.प.नं (जारी मिति/स्थान): ६९१/१८६२(२०४६/०३/२०/मोरङ, उर्लाबारी), बाजेको नामः धनपति गौतम, बाबुको नामः बालकृष्ण गौतम, ठेगानाः मोरंग जिल्ला, पथरी गा.वि.स., वडा नं. ०९ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, उर्लाबारी न.पा. वडा नं. ६ ।

**व्यक्तिगत जमानतकर्ताहरूः**
**क. सरस्वता गौतमः** ना.प्र.प.नं (जारी मिति/स्थान): २१५५९(२०३५/०१/२१/मोरङ्ग), बाबुको नामः लिला वल्लभ घिमिरे, ससुराको नामः धनपति गौतम, पतिको नामः बालकृष्ण गौतम, ठेगानाः मोरङ जिल्ला, राजघाट गा.वि.स. वडा नं. ०६ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, उर्लाबारी न.पा. वडा नं. ६ ।
**ख. निरमाया सुबेदीः** ना.प्र.प.नं (जारी मिति/स्थान): ४११/२०७१(२०५१/०१/२८/पाँचथर), बाबुको नामः अबि केशर सुबेदी, ससुराको नामः बालकृष्ण गौतम, पतिको नामः कपिल प्रसाद गौतम, ठेगानाः पाँचथर जिल्ला, भारपा गा.वि.स. वडा नं. ०८ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, उर्लाबारी न.पा. वडा नं. ६ ।

**धितो लेखिदिएको सम्पत्तिहरुको विवरणः**
**क.** लिला वल्लभ घिमिरेको छोरी, धनपति गौतमको बुहारी, बालकृष्ण गौतमको पत्नी, मोरङ जिल्ला, राजघाट गा.वि.स. वडा नं. ०६ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, उर्लाबारी न.पा. वडा नं. ६ बस्ने **सरस्वता गौतम**को नाममा मालपोत कार्यालय उर्लावारी, मोरङको लगतमा दर्ता श्रेष्ता कायम रहेको मोरङ जिल्ला, मधुमल्ला गा.वि.स./न.पा, वडा नं. ६/ण स्थित कि.न. ५५९ को क्षेत्रफल ०-५-५-० विघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
**ख.** धनी एनएमबि बैंक लि./ऋणी **रोजगार पोल्ट्री एण्ड फिड सप्लायर्स**को नाममा कोशी प्रदेश यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनः

**सवारी साधनको विवरणः**
कम्पनीः टाटा मोटर्स लि., मोडलः LPT407/27WB, बनेको सालः २०२१, सवारी दर्ता नः प्र १-०२-००१ क ४४७८, च्यासिस नः MAT505555M8R07722, इन्जिन नः 4SPCR11BYX608757

**२. ऋणीको नामः कपिल प्रसाद गौतम** **कर्जा शिर्षकः** क्रेडिट कार्ड
ना.प्र.प.नं (जारी मिति/स्थान): ६९१/१८६२(२०४६/०३/२०/मोरङ, उर्लाबारी), बाजेको नामः धनपति गौतम, बाबुको नामः बालकृष्ण गौतम, ठेगानाः मोरंग जिल्ला, पथरी गा.वि.स. वडा नं. ०९ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, उर्लाबारी न.पा. वडा नं. ६ ।

**३. ऋणीको नामः नेवा भुतु** **कर्जा शिर्षकः** आवधिक कर्जा
(कर्णाली प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, वीरेन्द्रनगर, सुर्खेतमा दर्ता रहेको), दर्ता नं.: ७७४३/०७७/०७८, दर्ता मितिः २०७७/११/२५, स्थायी लेखा नं.: ६१५४९६५४०, ठेगानाः सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ४ ।

**प्रोप्राईटरः**
**सुदिप श्रेष्ठः** ना.प्र.प.नं (जारी मिति/स्थान): ६४-०१-७०-०५६४२(२०७०/१२/२३/सुर्खेत), बाजेको नामः बुध्दिलाल श्रेष्ठ, बाबुको नामः गणेश मान श्रेष्ठ, ठेगानाः सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ३ ।

**व्यक्तिगत जमानतकर्ताहरूः**
**क.गणेश मान श्रेष्ठः** ना.प्र.प.नं (जारी मिति/स्थान): २७४३३(२०४७/१२/१७/नुवाकोट), बाजेको नामः काजी मान श्रेष्ठ, बाबुको नामः बुध्दिलाल श्रेष्ठ, ठेगानाः नुवाकोट जिल्ला, खड्गभन्ज्याङ गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भइ हाल सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ३ ।
**ख. विष्णु कुमारी कार्कीः** ना.प्र.प.नं (जारी मिति/स्थान): ११२६९(२०४५/०३/२७/सुर्खेत), बाजेको नामः मारू कार्की, बाबुको नामः पदम बहादुर कार्की, ससुराको नामः बुध्दिलाल श्रेष्ठ, पतिको नामः गणेश मान श्रेष्ठ, ठेगानाः सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ६ ।

**४. ऋणीको नामः सुदिप श्रेष्ठ** **कर्जा शिर्षकः** सम्पत्ति धितो कर्जा
ना.प्र.प.नं (जारी मिति/स्थान): ६४-०१-७०-०५६४२(२०७०/१२/२३/सुर्खेत), बाजेको नामः बुध्दिलाल श्रेष्ठ, बाबुको नामः गणेश मान श्रेष्ठ, ठेगानाः सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ३ ।

**व्यक्तिगत जमानतकर्ताहरूः**
**क. गणेश मान श्रेष्ठः** ना.प्र.प.नं (जारी मिति/स्थान): २७४३३(२०४७/१२/१७/नुवाकोट), बाजेको नामः काजी मान श्रेष्ठ, बाबुको नामः बुध्दिलाल श्रेष्ठ, ठेगानाः नुवाकोट जिल्ला, खड्गभन्ज्याङ गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भइ हाल सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ३ ।
**ख. विष्णु कुमारी कार्कीः** ना.प्र.प.नं (जारी मिति/स्थान): ११२६९(२०४५/०३/२७/सुर्खेत), बाजेको नामः मारू कार्की, बाबुको नामः पदम बहादुर कार्की, ससुराको नामः बुध्दिलाल श्रेष्ठ, पतिको नामः गणेश मान श्रेष्ठ, ठेगानाः सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ६ ।

**माथि उल्लेखित दुवै ऋणीहरुको लागि धितो लेखिदिएको सम्पत्तिहरुको विवरणः**
**क.** काजी मान श्रेष्ठको नाति, बुध्दिलाल श्रेष्ठको छोरा, नुवाकोट जिल्ला, खड्गभन्ज्याङ गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भइ हाल सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ३ बस्ने **गणेश मान श्रेष्ठ**को नाममा मालपोत कार्यालय वीरेन्द्रनगर, सुर्खेतको लगतमा दर्ता श्रेष्ता कायम रहेको सुर्खेत जिल्ला, गोठीकांडा गा.वि.स./न.पा. वडा नं. ८/क स्थित कि.न. ४६८ को क्षेत्रफल ०-०-९ विघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।
**ख.** बुध्दिलाल श्रेष्ठको नाति, गणेश मान श्रेष्ठको छोरा, सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ३ बस्ने **सुदिप श्रेष्ठ**को नाममा मालपोत कार्यालय वीरेन्द्रनगर, सुर्खेतको लगतमा दर्ता श्रेष्ता कायम रहेको सुर्खेत जिल्ला, गोठीकांडा गा.वि.स./न.पा. वडा नं. ८/क स्थित कि.न. ७४९ को क्षेत्रफल ०-०-६-१ विघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

**५. ऋणीको नामः सुदिप श्रेष्ठ** **कर्जा शिर्षकः** क्रेडिट कार्ड
ना.प्र.प.नं (जारी मिति/स्थान): ६४-०१-७०-०५६४२(२०७०/१२/२३/सुर्खेत), बाजेको नामः बुध्दिलाल श्रेष्ठ, बाबुको नामः गणेश मान श्रेष्ठ, ठेगानाः सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ३ ।

**६. ऋणीको नामः विर बहादुर दमाई** **कर्जा शिर्षकः** आवाश कर्जा
ना.प्र.प.नं (जारी मिति/स्थान): ७९२(२०५८/०२/०८/डडेल्धुरा), बाजेको नामः लछुवा दमाई, बाबुको नामः जंगी दमाई, ठेगानाः डडेल्धुरा जिल्ला, कोटेली गा.वि.स. वडा नं. १ हाल परिवर्तित ठेगाना डडेल्धुरा जिल्ला, नवदुर्गा गा.पा. वडा नं. १ ।

**व्यक्तिगत जमानतकर्ताः**
**कल्पना दमाईः** ना.प्र.प.नं (जारी मिति/स्थान): ७४-०१-७४-०३९०३(२०७४/०१/०६/डडेल्धुरा), बाबुको नामः कर्न बहादुर सुनार, ससुराको नामः जंगी दमाई, पतिको नामः विर बहादुर दमाई ठेगानाः डडेल्धुरा जिल्ला, नवदुर्गा गा.पा. वडा नं. १ ।

**धितो लेखिदिएको सम्पत्तिको विवरणः**
लछुवा दमाईको नाति, जंगी दमाईको छोरा, डडेल्धुरा जिल्ला, कोटेली गा.वि.स. वडा नं. १ हाल परिवर्तित ठेगाना डडेल्धुरा जिल्ला, नवदुर्गा गा.पा. वडा नं. १ बस्ने **विर बहादुर दमाई**को नाममा मालपोत कार्यालय डडेल्धुराको लगतमा दर्ता श्रेष्ता कायम रहेको डडेल्धुरा जिल्ला, कोटेली गा.वि.स./न.पा. वडा नं. १/घ स्थित कि.न. २३० को क्षेत्रफल ०-६-०-० रोपनीको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**७. ऋणीको नामः जन्जीर थारू** **कर्जा शिर्षकः** व्यक्तिगत ओभरड्राफ्ट
ना.प्र.प.नं (जारी मिति/स्थान): १९९१८ (२०६०/२/९/बर्दिया), बाजेको नामः पुनेराम थारू, बाबुको नामः गोलेराम थारू, ठेगानाः बर्दिया जिल्ला, धधवार गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला, धधवार न.पा. वडा नं. ०९ ।

**व्यक्तिगत जमानतकर्ताहरूः**
**क. लौटी थरुनीः** ना.प्र.प.नं (जारी मिति/स्थान): २५४४३ (२०३५/१२/२०/बर्दिया) ससुराको नामः पुनेराम थारू पतिको नामः गोलेराम थारू ठेगाना. बर्दिया जिल्ला, धधवार गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला, धधवार न.पा. वडा नं. ०९ ।
**ख. गोलेराम थारूः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३५६८ (२०४४/०५/२९/बर्दिया), बाजेको नामः भगमल थारू, बाबुको नामः पुनेराम थारू, ठेगाना. बर्दिया जिल्ला, धधवार गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला, धधवार न.पा. वडा नं. ०९ ।
**ग. ईन्द्रमति कुमारी थारूः** ना.प्र.प.नं (जारी मिति/स्थान): १९९०८ (२०६०/२/८/बर्दिया), बाबुको नामः हरिराम थारू, ससुराको नामः गोलेराम थारू, पतिको नामः रामसुरत थारु, ठेगाना. बर्दिया जिल्ला, धधवार गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला, धधवार न.पा. वडा नं. ०९ ।

**धितो लेखिदिएको सम्पत्तिको विवरणः**
१. पुनेराम थारूको बुहारी, गोलेराम थारूको पत्नी, बर्दिया जिल्ला, धधवार गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला, धधवार न.पा. वडा नं. ९ बस्ने **लौटी थरुनी**को नाममा मालपोत कार्यालय गुलरिया, बर्दियाको लगतमा दर्ता श्रेष्ता कायम रहेको बर्दिया जिल्ला, धधवार गा.वि.स./न.पा. वडा नं. ३ स्थित कि.न. ७२१ को क्षेत्रफल १६६५.०० व.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
२. भगमल थारूको नाति, पुनेराम थारूको छोरा, बर्दिया जिल्ला, धधवार गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल बर्दिया जिल्ला, धधवार न.पा. वडा नं. ९ बस्ने **गोलेराम थारू**को नाममा मालपोत कार्यालय गुलरिया, बर्दियाको लगतमा दर्ता श्रेष्ता कायम रहेको बर्दिया जिल्ला, धधवार गा.वि.स./न.पा. वडा नं. ३ स्थित कि.न. ७२० को क्षेत्रफल २०००.०० व.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands | Member of: Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असूली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९



## साउदीमा रोजगार

कम्पनी : AL-SINDBAD PASTRIES AND RESTAURANT COMPANY — शहरः DAMMAM
पुर्व स्वीकृत मितिः २०८२/०४/१२ — चलानी नं.: ६०२४२१६६ — L.T. No.:328014

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 4 | 0 | स. काममा दक्ष | 1000 | ३७,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन २३ गते (10 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**K L Employment Service (P) Ltd.**
श्रम इजाजत नं.: ७०१/०६३/०६४
शम्भु मार्ग, एयरपोर्ट, काठमाडौं, फोन : ४५६४११३, ४५९३१८०,
Email: info@klemployment.com.np | Web: www.klemployment.com.np

## कतारमा रोजगार

कम्पनी : AL TECH ALUMINIUM & STEEL W .L.L. — शहरः DOHA
पुर्व स्वीकृत मितिः २०८२/०४/१३ — चलानी नं.: ६०२४१९६२ — L.T. No.:327154

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 30 | 0 | स. काममा दक्ष | 1000 | ३८,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन २३ गते (10 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**अल समिट म्यानपावर प्रा.लि.**
श्रम ईजाजत पत्र नं. ४१५/०६१/०६२
सामाखुसी, टाउनप्लानिङ, काठमाडौं, फोन नं.: ४३८२२२२, ४३८२४४४, ४३८६५४४, फ्याक्सः नं. ४३८१३६४
Website: www alsmmc com E mail: alsamitmanpower495@gmail com
ISO 9001 certified company



## कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

**(प्रकाशित मिति २०८२/०४/१८ गते)**

यस बैंकको तपशिलको ऋणी संस्थाले पुतलीबजार शाखाबाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले कर्जा चुक्ता गर्न आउने बारे यो ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनुहुन सम्बन्धीत ऋणी संस्था, धितो जमानतकर्ता र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ । सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिंदा यस बैंकलाई लेखाई दिएको धितो लिलाम विक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ । कथमकदाचित सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्रिबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा वा असुल उपर हुन नसक्ने नभएमा ऋणी संस्थाको पदाधिकारीको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २९७३, सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा धन जमानीकर्ताहरुलाई कालो सूचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धीत सबैलाई सूचित गराइन्छ ।

**ऋणी संस्थाको नाम : स्याङ्जा बचत तथा ऋण सहकारी संस्था लि. ।**
**रजिष्टर्ड ठेगाना : पुतलीबजार-०१, स्याङ्जा ।**
**हालको ठेगाना पुतलीबजार नगरपालिका-०१, स्याङ्जा ।** **दर्ता नंः २६५/२०६८/०६९**

**संचालक तथा जमानीकर्ताको विवरण**

| | |
|---|---|
| **१) नाम : पुण्य प्रसाद भुसाल (नि. अध्यक्ष, जमानीकर्ता)**<br>बाबु : घनश्याम भुसाल<br>बाजे : गुरुदत्त भुसाल<br>ना प्र नं. : ४५४३<br>साविक ठेगाना : चापाकोट-०८, स्याङ्जा<br>हालको ठेगाना : चापाकोट-०२, स्याङ्जा | **२) नाम : रामजी प्रसाद भण्डारी (नि. उपाध्यक्ष)**<br>बाबु : विष्णु प्रसाद भण्डारी<br>बाजे : लक्ष्मीपानी भण्डारी<br>ना.प्र.नं : ११७४०<br>साविक ठेगाना : पुतलीबजार-०९, स्याङ्जा<br>हालको ठेगाना : पुतलीबजार-१४, स्याङ्जा |
| **३) नाम : मेघ बहादुर सार्की (नि. सचिव, जमानीकर्ता)**<br>बाबु : टिकाराम सार्की<br>बाजे : कमु सार्की<br>ना.प्र.नं : ४९१९<br>साविक ठेगाना : बिचारी चौतार-०३, स्याङ्जा<br>हालको ठेगाना : आँधिखोला-०३, स्याङ्जा | **४) नाम : विपन पौड्याल (नि. कोषाध्यक्ष, जमानीकर्ता)**<br>बाबु : जय नारायण उपाध्याय<br>बाजे : डिल्लीराम पौडेल<br>ना.प्र.नं : ३८०४<br>साविक ठेगाना : पुतलीबजार-०१, स्याङ्जा<br>हालको ठेगाना : पुतलीबजार-०१, स्याङ्जा |
| **५) नाम : अनन्त राज मरासिनी (नि. संचालक, जमानीकर्ता)**<br>बाबु : पूर्णखर पाध्या<br>बाजे : गजाधर पाध्या<br>ना.प्र.नं : ५०९/१५१<br>साविक ठेगाना : पुतलीबजार-०१, स्याङ्जा<br>हालको ठेगाना : पुतलीबजार-०३, स्याङ्जा | **६) नाम : रक्षा गिरी (नि. संचालक, जमानीकर्ता)**<br>बाबु : दिर्घराज गिरी<br>बाजे : चतुराज गिरी<br>ना.प्र.नं : १०६२/९/४६<br>साविक ठेगाना : पुतलीबजार-०९, स्याङ्जा<br>हालको ठेगाना : पुतलीबजार-१४, स्याङ्जा |
| **७) नामः सुर्य प्रसाद गैह्रे (नि. संचालक, जमानीकर्ता)**<br>बाबु : उदयराज गैह्रे<br>बाजे : टिकाराम गैह्रे<br>ना.प्र.नं : ४२१०२२/९०४१८<br>साविक ठेगाना : पकवादी-०२, स्याङ्जा<br>हालको ठेगाना : गल्याङ-०९, स्याङ्जा | **८) नामः मुक्त बहादुर राना (नि. संचालक, जमानीकर्ता)**<br>बाबु : शेर बहादुर राना<br>बाजे : डिल सिंह राना<br>ना.प्र.नं : ७१०३<br>साविक ठेगाना : सातुपसल-०७, स्याङ्जा<br>हालको ठेगाना : पुतलीबजार-१०, स्याङ्जा |
| **९) नाम : महेश कुमार श्रेष्ठ (नि. संचालक, जमानीकर्ता)**<br>बाबु : पदम नारायण श्रेष्ठ<br>बाजे : तेज नारायण श्रेष्ठ<br>ना.प्र.नं : १६४८<br>साविक ठेगाना : पुतलीबजार-०९, स्याङ्जा<br>हालको ठेगाना : पुतलीबजार-०१, स्याङ्जा | **१०) नाम : छविलाल नेपाली (नि. संचालक, जमानीकर्ता)**<br>बाबु : गुमान सिहं नेपाली<br>बाजे : हरिलाल नेपाली<br>ना.प्र.नं : ८२९७<br>साविक ठेगाना : पुतलीबजार-०९, स्याङ्जा<br>हालको ठेगाना : पुतलीबजार-०१, स्याङ्जा |
| **११) नामः सिता शर्मा मरासिनी (नि. संचालक, जमानीकर्ता)**<br>बाबु : हुम नाथ उपाध्या मरासिनी<br>बाजे : जायश्वर ढकाल<br>ना.प्र.नं : ४८२४३<br>साविक ठेगाना : पुतलीबजार-०१, स्याङ्जा<br>हालको ठेगाना : पुतलीबजार-०१, स्याङ्जा | **१२) नाम : महेश पुरी (अध्यक्ष)**<br>बाबु : चामु पुरी<br>बाजे : पुर्ण पुरी<br>ना.प्र.नं : १५/०४३/४४<br>साविक ठेगाना : पुतलीबजार-१४, स्याङ्जा<br>हालको ठेगाना : पुतलीबजार-१४, स्याङ्जा |
| **१३) नाम : विश्वेश्वर प्रसाद रेग्मी (उपाध्यक्ष)**<br>बाबु : चिन्तामणी रेग्मी<br>बाजे : खडानन्द रेग्मी<br>ना.प्र.नं : ३८९६<br>साविक ठेगाना : ठुलाडिही-०९, स्याङ्जा<br>हालको ठेगाना : पुतलीबजार-०७, स्याङ्जा | **१४) नामः नारायण प्रसाद तिवारी (सचिव)**<br>बाबु : मुक्ति नारायण तिवारी<br>बाजे : मोतिलाल तिवारी<br>ना.प्र.नं : ५४३०<br>साविक ठेगाना : पुतलीबजार-१३, स्याङ्जा<br>हालको ठेगाना : पुतलीबजार-१३, स्याङ्जा |
| **१५) नाम : राम बहादुर थापा क्षेत्री (कोषाध्यक्ष)**<br>बाबु : भिम बहादुर थापा<br>बाजे : हस्त बहादुर थापा<br>ना.प्र.नं : १९३<br>साविक ठेगाना : गणेशपुर-०२, स्याङ्जा<br>हालको ठेगाना : पुतलीबजार-०४, स्याङ्जा | **१६) नामः चेत प्रसाद श्रेष्ठ (संचालक)**<br>बाबु : पदम नारायण श्रेष्ठ<br>बाजे : तेज नारायण श्रेष्ठ<br>ना.प्र.नं : २५४७<br>साविक ठेगाना : पुतलीबजार-०९, स्याङ्जा<br>हालको ठेगाना : पुतलीबजार-०१, स्याङ्जा |
| **१७) नाम : लक्ष्मी बराल (संचालक)**<br>बाबु : ईश्वरी प्रसाद बराल<br>बाजे : थम नारायण बराल<br>ना.प्र.नं : ४२१०६२/९७१५४<br>साविक ठेगाना : पुतलीबजार- १, स्याङ्जा<br>हालको ठेगाना : पुतलीबजार- १, स्याङ्जा | **१८) नामः खीना भण्डारी (संचालक)**<br>बाबु : हरिवल्लौ पाठक<br>बाजे : रविलाल पाठक<br>ना.प्र.नं : ७८०५२<br>साविक ठेगाना : पुतलीबजार- ०९, स्याङ्जा<br>हालको ठेगाना : पुतलीबजार- १४, स्याङ्जा |

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**
१.श्री गुरुदत्त भुसालको नाति श्री घनश्याम भुसालको छोरा स्याङ्जा जिल्ला चापाकोट नगरपालिका. वडा नं.-८ बस्ने **श्री पुण्य प्रसाद भुसाल**को नाममा मालपोत कार्यालय वालिङ्ग, स्याङ्जामा दर्ता श्रेस्ता कायम रहेको स्याङ्जा जिल्ला चापाकोट नगरपालिका वडा नं.-८ को कित्ता नं.२, ४८२, ४६५, ४६२ र १५७ को क्षेत्रफल क्रमशः ४-३-१-१, १-६-३-१, १-१४-२-०, १-४-१-१ र ८-६-१-१ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

National | राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web www. ncbl.coop

# साम्बा सम्मानित



**काठमाडौं/मस–** नेपाली महिला राष्ट्रिय फुटबल टोलीकी कप्तान सावित्रा भण्डारी 'साम्बा'लाई हेटौंडामा सम्मान गरिएको छ। सञ्चारिका समूह मकवानपुरले शनिबार हेटौंडामा आयोजना गरेको 'देश चिनाउने साम्बासँग हाम्रो चिनजान कार्यक्रम'मा उनलाई सम्मान गरिएको हो।

सञ्चारिका समूह मकवानपुरकी अध्यक्ष निशा गुरुङको सभाध्यक्षता एवं हटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । कार्यक्रममा हेटौंडा स्कुल अफ म्यानेजमेन्टका सञ्चालक एवं शिक्षाविद् पुरनबहादुर जोशीले भण्डारीलाई नगद ५० हजार रुपैयाँसहित सम्मानपत्र प्रदान गरे।

सम्मानपछि बोल्दै खेलाडी भण्डारीले आफूले धेरै मेहनत र संघर्षका बाबजुद सफलता हासिल गरेको बताइन् । मोजाको भकुन्डोबाट आफ्नो फुटबल करियर सुरु भएको स्मरण गर्दै अभावै अभावमा हुर्किएर यो स्थानमा आएको उनले बताइन् । कप्तान भण्डारीले मोजाको भकुन्डोले फुटबलमा अगाडि बढ्न प्रेरणा दिएको बताइन्।

कप्तान भण्डारीले पछिल्लो समय खेलकुदलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आएको उल्लेख गरिन्। नयाँ पुस्तालाई खेल्नका लागि सामग्रीको अभाव नरहेको र स्थानीय सरकारले पनि खेलप्रति सकारात्मक धारणा राखेको उनको भनाइ थियो।

फुटबलको माध्यमबाट समाजमा केही परिवर्तन गर्नुपर्छ भन्ने मान्यतामा नेपाली महिला फुटबल टिम रहेको उनले बताइन्। सबै नेपाली महिलाको प्रतिनिधित्व गर्दै नेपालको नाम चिनाउनका लागि आफू सदैव अग्रसर रहने उनले प्रतिबद्धता जनाइन्। कप्तान भण्डारीले खेलसँगै शिक्षाको पनि उत्तिकै महत्व रहेको धारणा राखिन्।


## लालझाडी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**शंकरपुर, कञ्चनपुर**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

### आन्तरिक आय सम्बन्धी बोलपत्र आह्वानको सूचना

**(प्रकाशित मिति : २०८२/०४/१६)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ (क) र सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक ऐन २०८२ को व्यवस्था तथा मिति २०८२/०४/०१ गतेको कार्यपालिका बैठकको निर्णयानुसार आ. व. २०८२/०८३ का लागि यस लालझाडी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको क्षेत्राधिकार भित्र पर्ने प्राकृतिक स्रोत कर संकलन गर्ने कार्यको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले आवश्यक कागजातहरु संलग्न गरी यस कार्यालयवाट निर्धारित शर्तहरुको अधीनमा रही **२०८२/०५/१६** गते दिनको १२ बजे भित्र यस कार्यालयमा सार्वजनिक खरिद अनुगमन कार्यालयको एकल विद्युतीय खरिद प्रणाली www.bolpatra.gov.np/egp को माध्यमबाट विद्युतीय प्रति दर्ता गरि बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| ठे. नं. | बोलपत्रको नाम | न्यूनतम कबोल रकम (सेवा शुल्क र मू.अ. कर बाहेक) | बोलपत्र जमानत रकम | बोलपत्र पेश गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति |
|---|---|---|---|---|---|
| LAL/REV/NCB/082/083-01 | लालझाडी गा. पा. भित्र पर्ने लालझाडी-०४, ईटाहा बाबा घाट, सिकलपट्टी डाँगा जाई जोड्ने घाट र लालझाडी -०५ अपि घाट र सिद्धनाथ बैजनाथ घाटको नदीजन्य पदार्थको उत्खनन, बिक्री तथा व्यवस्थापन ठेक्का | १,३०,८६,७४४।९५ | कबोल अंकको ५% | २०८२/०५/१६ १२:०० बजे | २०८२/०५/१६ १४:०० बजे |

विस्तृत जानकारी यस कार्यालयको *Website: www.laljhadimun.gov.np तथा* सार्वजनिक खरिद अनुगमन कार्यालयको *Website: www.bolpatra.gov.np मा हेर्न सकिनेछ।*

**प्रमुख प्रशासकीय अधिकृत**



## वीरेन्द्रनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**वीरेन्द्रनगर, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

### कार्यालय मसलन्द, स्टेशनरी छपाई तथा कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी सम्बन्धी ईलेक्ट्रोनिक्स पार्टसको मालसामानको खरिद सम्बन्धी कार्यका लागि शिलबन्दी बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित सूचना मिति : २०८२/०४/१८**

यस कार्यालयको लागि आ.व ०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्यालय मसलन्द, स्टेशनरी छपाई तथा कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी सम्बन्धी ईलेक्ट्रोनिक्स पार्टसको मालसामानको खरिद गर्न प्रचलित खरिद ऐन तथा नियमावली अनुसार यो शिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ।

१. बोलपत्र दाताले पालना गर्नुपर्ने शर्तहरू शिलबन्दी बोलपत्र फारममा उल्लेख गरिएको छ।
२. बोलपत्र फारम प्राप्त गर्नका लागि निवेदकले आ.व. ०८१/०८२ का लागि नबिकरण गरेको सम्बन्धीत कामको इजाजत प्राप्त फर्म वा कम्पनी दर्ता प्रमाणपत्र, नविकरण गरेको व्यवसाय दर्ता प्रमाणपत्र स्थायी लेखा नं. मु.अ.कर दर्ता प्रमाणपत्र तथा आ.व. ०८१/०८२ सम्मको कर चुक्ता प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपी बोलपत्र सम्बन्धि कागजातको दस्तुरको लागि यस कार्यालयको आन्तरिक राजश्व खाता नं ४०८०१००३०१०१०००४ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ।
३. शिलबन्दी बोलपत्र खरिद कर्ताले आफुले खरिद गरेको शिलबन्दी बोलपत्र फारम भरी यो सूचना प्रकाशन भएको मितिले ३० औं दिन (२०८२/०५/१७) को १२.०० बजे सम्म दर्ता गरी सक्नु पर्नेछ। प्राप्त शिलबन्दी बोलपत्रहरू सोही दिनको २.०० बजे शिलबन्दी बोलपत्र सरकारी कार्यालयका कर्मचारी प्रतिनिधिको रोहबरमा शिलबन्दी बोलपत्र दाता वा निजको प्रतिनिधि कर्मचारीको रोहबरमा खोलिनेछ निजहरूको अनुपस्थितिमा पनि यस कार्यालयले खोल्न सक्नेछ।
४. बोलपत्र खरिद गर्ने तथा पेश गर्ने अन्तिम दिनमा सार्वजनिक बिदा परेमा लगतै कार्यालय खुल्ने दिन लाई शिलबन्दी बोलपत्र खरिद गर्ने तथा पेश गर्ने अन्तिम दिन कायम गरिनेछ।
५. बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले बोलपत्र पेश गर्ने दिनबाट ९० दिन म्याद भएको तपशिलको रकम बराबरको बिड सेक्युरिटी संलग्न राखि पेश गर्नुपर्नेछ। बिड सेक्युरिटी बराबरको रकम नगदै जम्मा गर्ने बोलपत्रदाताले राष्ट्रिय वाणिज्य बैंकमा रहेको कार्यालयको खाता नं.४०८०१००३०३००००४ मा जम्मा गरि सक्कल भौचर पेश गर्न सक्नेछन।
६. बोलपत्र दाताले सिलबन्दी बोलपत्र फारम खरिद गरी खामको बाहिर पट्टी कार्यक्रमको नाम लेखी सिलबन्दी गरी पेश गर्नुपर्नेछ।
७. रित नपुगेको वा तोकिएको म्याद भित्र प्राप्त नभएको सिलबन्दी बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
८. शिलबन्दी बोलपत्र पूरा वा आंशिक रूपमा स्वीकार गर्ने वा रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
९. अन्य कुराहरू सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ।
१०. यस सम्बन्धी बिस्तृत जानकारीका तथा बोलपत्र सम्बन्धी कागजातका लागि कार्यालय समय भित्र उपस्थित भई यस कार्यालयबाट तथा वेवसाईट www.ito.birendranagarmun@gmail.com बाट प्राप्त गर्न सकिनेछ।
११. उक्त माल सामग्रीहरू मर्मत संभार कार्य र छपाई स्टेशनरी मसलन्द एकमुष्ट खरिद नभई कार्यालयको आवश्यकता अनुसार पटक/पटक गरी आपूर्ति गर्ने र छनौट भएको बोलपत्रदाताले कार्यालयले मौखिक/लिखित जानकारीका आधारमा तोकिएको समय भित्र उपलब्ध गराउनुपर्नेछ।
१२. यस कार्यालयमा आ.व.०८२/०८३ का लागि सूचिकृत भएका/भई फर्म वा सप्लायर्सले बोलपत्र खरिद गर्न सक्नेछन।

| क्र. सं. | ठेक्का नम्बर | विवरण | जमानत रकम | बोलपत्र फारम दस्तुर फिर्ता नहुने गरी |
|---|---|---|---|---|
| १. | NCB/BM/GOODS/०१/०८२/०८३ | कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी लगाएत अन्य ईलेक्ट्रोनिक्स पार्टस सम्बन्धी मालसामानहरू | रु.१,५०,०००।०० | ३०००।०० |
| २. | NCB/BM/GOODS/०२/०८२/०८३ | कार्यालय मसलन्द तथा स्टेशनरी सम्बन्धि मालसामानहरू | रु.२,५०,०००।०० | ३०००।०० |
| ३. | NCB/BM/GOODS/०३/०८२/०८३ | छपाई सम्बन्धि कार्य | रु.६२,५००।०० | ३०००।०० |

**प्रमुख प्रशासकीय अधिकृत**



NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

### धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा,विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आब्हान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पत्ति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

**तपसिल**

**क्र.सं. — ऋणीको विवरण**

**१)**

**१) ऋणी फर्म: अर्घाखाँची निन्युपाटा सप्लायर्स:** प्रोप्राइटर तथा जमानीकर्ता: काजी बहादुर रायमाझी क्षेत्री
दर्ता नं.: पर्यटन तथा उद्योग कार्यालय नवलपुर नवलपरासी (वर्दघाट सुस्ता पूर्व), गण्डकी प्रदेश नेपालमा प्रा.फ.द.नं. ३५६३/०७९/०८०, दर्ता मिति: २०८०/०२/११, ठेगाना: जिल्ला नवलपरासी (ब.सु.पू.) मध्यविन्दु न.पा. वडा नं. १०

**२) ऋणी: काजी बहादुर रायमाझी क्षेत्री**
स्थायी ठेगाना: अर्घाखाँची जिल्ला, भुमिकास्थान न.पा. वडा नं. १०, हालको ठेगाना: नवलपरासी जिल्ला, मध्यविन्दु न.पा. वडा नं. १०, बाबु: भुवन बहादुर रायमाझी क्षेत्री, बाजे: जय बहादुर रायमाझी क्षेत्री

**धितोको विवरण**

१) जय बहादुरको नाती, भुवन बहादुर रायमाझी क्षेत्रीको छोरा, अर्घाखाँची जिल्ला, भुमिकास्थान न.पा. वडा नं. १० स्थायी ठेगाना भई, हाल नवलपरासी जिल्ला, मध्यविन्दु न.पा. वडा नं. १० बस्ने काजि बहादुर रायमाझी क्षेत्रीको नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता कायम रहेको तनहुँ जिल्ला, स्थानचोक गा.वि.स. वडा नं. ३ ङ (हाल शुक्लागण्ठकी न.पा. वडा नं. २) स्थित कित्ता नं.३१५, २०९ र १७ को क्षेत्रफल कमशः १-१४-३-२, ५-३-०-० र २-१४-१-१ (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) अर्घाखाँची निन्युपाटा सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Bills Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google map

जमानीकर्ताहरु: १) आदेश रायमाझी, २) सकुन्तला कार्की, ३) सन्देश रायमाझी, ४) काजी बहादुर रायमाझी क्षेत्री

**२)**

**१) ऋणी कम्पनी: नेट म्याक्स टेक्नोलोजीज प्रा.लि.,** संचालक तथा जवानीकर्ताहरु: निराज के.सी., प्रकाश कुमार के.सी., नरेश चन्द, किरण कुमार खत्री, राम हरी कार्की, सत्य नारायण प्रजापति, यज्ञ वहादुर खत्री, वाल कृष्ण पौडेल, पुष्कर खड्का, भोजराज भट्ट, दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. ६५७४७/०६६/०६७, दर्ता मिति: २०६६/०५/१७, ठेगाना: जिल्ला ललितपुर, ललितपुर म.न.पा. वडा नं. १

**जमानीकर्ताहरु:** १) निराज के.सी. २) प्रकाश कुमार के.सी. ३) नरेश चन्द ४) किरण कुमार खत्री ५) राम हरी कार्की ६) सत्य नारायण प्रजापति, ७) यज्ञ वहादुर खत्री ८) वाल कृष्ण पौडेल ९) पुष्कर खड्का १०) अनिता के.सी. ११) शितल खड्का १२) मलिना श्रेष्ठ (के.सी.) १३) माया खड्का, १४) भरत वहादुर खड्का १५) राधा खड्का १६) देव कुमारी शर्मा (वाँस्तोला) १७) आकृति खड्का १८) आकास खड्का

**धितोको विवरण**

१) कृष्ण वहादुर खड्काको नाति, भरत वहादुर खड्काको छोरा, ललितपुर जिल्ला, सैबु गा.वि.स. वडा नं. १ बस्ने पुस्कर खड्काको नाममा भुमिसुधार तथा मालपोत कार्यालय लगनखेल, ललितपुर को लगतमा दर्ता कायम रहेको ललितपुर जिल्ला, सैबु गा.वि.स. वडा नं. १/१क (हाल ललितपुर म.न.पा. वडा नं. २५) स्थित कित्ता नं. ११५२ को क्षेत्रफल १४३.०६ (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) भक्त वहादुर थापाकी छोरी, कृष्ण वहादुर खड्काकी बुहारी, भरत वहादुर खड्काकी पत्नी, ललितपुर जिल्ला, सैबु गा.वि.स. वडा नं. १ बस्ने राधा खड्काको नाममा मालपोत कार्यालय लगनखेल, ललितपुरको लगतमा दर्ता कायम रहेको ललितपुर जिल्ला, सैबु गा.वि.स. वडा नं. १/१क (हाल ललितपुर म.न.पा. वडा नं. २५) स्थित कित्ता नं. १०७६ को क्षेत्रफल ३०२.०१ (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
३) नेट म्याक्स टेक्नोलोजीज प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि GoogleMap

**२) ऋणी फर्म: महालक्ष्मी ट्रेडर्स,** प्रोप्राइटर तथा जमानीकर्ता: मलिना श्रेष्ठ (के.सी.)
दर्ता नं.: घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय, ओखलढुङ्गामा प्रा.फ.र.नं. ५०७/०७२/०७३, दर्ता मिति: २०७२/१०/२१, ठेगाना: जिल्ला ओखलढुङ्गा, सिद्धिचरण न.पा. वडा नं. ३

**जमानीकर्ताहरु:** १) निराज के.सी. २) मलिना श्रेष्ठ (के.सी.) ३) अनिता के.सी. ४) प्रकाश कुमार के.सी.

**धितोको विवरण**

१) मोहन कृष्ण श्रेष्ठकी छोरी, देव वहादुर के.सी.की बुहारी, निराज के.सी.की पत्नी, ओखलढुङ्गा जिल्ला, ओखलढुङ्गा गा.वि.स. वडा नं. २ बस्ने मलिना श्रेष्ठ (के.सी.)को नाममा मालपोत कार्यालय सोलुखुम्बुको लगतमा दर्ता कायम रहेको सोलुखुम्बु जिल्ला, केरुङ गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. १४५९ र १४३९ को क्षेत्रफल क्रमश ३८२ र ५८ (व.मि.) को जग्गा तथा सोलुखुम्बु जिल्ला, सल्लेरी गा.वि.स. वडा नं. ५ स्थित कित्ता नं. ५२८० र ५५२९ को क्षेत्रफल १८५ र ३४ (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत।
२) मोहन कृष्ण श्रेष्ठकी छोरी, देव वहादुर के.सी.की बुहारी, निराज के.सी.की पत्नी, ओखलढुङ्गा जिल्ला, ओखलढुङ्गा गा.वि.स. वडा नं. २ बस्ने मलिना श्रेष्ठ (के.सी.)को नाममा मालपोत कार्यालय ओखलढुङ्गाको लगतमा दर्ता कायम रहेको ओखलढुङ्गा जिल्ला, बर्नालु गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ८६९ र ८६८ को क्षेत्रफल १-१-०-३ र ३-५-२-३ (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
३) रमेश मानन्धरकी छोरी, देवी वहादुर के.सी.की बुहारी, प्रकाश कुमार के.सी.की पत्नी, ओखलढुङ्गा जिल्ला, ओखलढुङ्गा गा.वि.स. वडा नं. २ बस्ने अनिता के.सी.को नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, बलम्बु गा.वि.स. वडा नं. ५ ख स्थित कित्ता नं. ७०५ र ७०६ को क्षेत्रफल ०-३-२-० र ०-४-२-० (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
४) दल वहादुरको नाति, देवी वहादुरको छोरा, ओखलढुङ्गा जिल्ला, ओखलढुङ्गा गा.वि.स. वडा नं. २ बस्ने प्रकाश कुमार के.सी. ... १ तथा दल वहादुर के.सी.को नाति, देवी वहादुरको छोरा, ओखलढुङ्गा जिल्ला, ओखलढुङ्गा गा.वि.स. वडा नं. २ बस्ने निराज के.सी. ...१ समेत गरि २ व्यक्तिको संयुक्त नाममा मालपोत कार्यालय ओखलढुङ्गाको लगतमा दर्ता कायम रहेको ओखलढुङ्गा जिल्ला, ओखलढुङ्गा गा.वि.स. वडा नं. २ स्थित कित्ता नं. १४४६ को क्षेत्रफल ०-१२-२-३ (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
५) महालक्ष्मी ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि GoogleMap

**३)**

**१) ऋणी कम्पनी: होटल अष्ट सम्राट प्रा.लि,** संचालक तथा जमानीकर्ताहरु : १) अमर प्रसाद साह, २) रोशन कुमार साह, ३) संजय कुमार साह, ४) धिरज श्रेष्ठ, ५) सुनिल कुमार साह, ६) कृष्ण कुमार साह
दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १९९२२२/०७५/०७६ , दर्ता मिति: २०७५/०६/०५, ठेगाना: जिल्ला सिरहा, मिर्चैया न.पा. वडा नं. ५

**जमानीकर्ताहरु:** १) महेश कुमार साह २) सुजिता कुमारी साह

**धितोको विवरण**

१) हजारी साहको नाती, रामपृत साह तेलीको छोरा, सिरहा जिल्ला, रामनगर मिर्चैया गा.वि.स. वडा नं. ९ बस्ने अमर प्रसाद साहको नाममा भूमिसुधार तथा मालपोत कार्यालय सिरहाको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, रामनगर गा.वि.स. वडा नं. ५/ख (हाल मिर्चैया न.पा. वडा नं. ६) स्थित कित्ता नं. ७२ को क्षेत्रफल ०-१७-० (विगाह) को जग्गा र सिरहा जिल्ला, रामनगर गा.वि.स. वडा नं. ३ (हाल मिर्चैया न.पा. वडा नं. ५) स्थित कित्ता नं. ३३८२ को क्षेत्रफल ०-१-१०-० (विगाह) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) होटल अष्ट सम्राट प्रा.लिको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map

**२) ऋणी: अमर प्रसाद साह**
स्थायी ठेगाना: सिरहा जिल्ला, रामनगर मिर्चैया गा.वि.स. वडा नं. ९, हालको ठेगाना : सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ४
बाबु: रामपृत साह तेली, बाजे : हजारी साह

**जमानीकर्ता:** सुजिता कुमारी साह

**धितोको विवरण**

हजारी साहको नाती, रामपृत साह तेलीको छोरा, सिरहा जिल्ला, रामनगर मिर्चैया गा.वि.स. वडा नं. ९ बस्ने अमर प्रसाद साहको नाममा भूमिसुधार तथा मालपोत कार्यालय सिरहाको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, रामनगर गा.वि.स. वडा नं. ५/ख (हाल मिर्चैया न.पा. वडा नं. ६) स्थित कित्ता नं. ७७ को क्षेत्रफल ०-३-९ (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map

**३) कर्जाको किसिम: व्यक्तिगत कर्जा**
**ऋणी: कृष्ण कुमार साह**
स्थायी ठेगाना : सिरहा जिल्ला, रामनगर मिर्चैया गा.वि.स. वडा नं. २, हालको ठेगाना : सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ५
बाबु : मधुरी प्रसाद साहु तेली, बाजे : धनपैत साह

**जमानीकर्ता: रेनु देवी साह,** स्थायी ठेगाना : सिरहा जिल्ला, रामनगर मिर्चैया गा.वि.स. वडा नं. ९, हालको ठेगाना : सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ५, बाबु : हलखोरी साह, ससुरा : मभुरी सहु तेली, पति : कृष्ण कुमार साह

**४) कर्जाको किसिम: व्यक्तिगत कर्जा**
**ऋणी: सुनिल कुमार साह**
स्थायी ठेगाना : सिरहा जिल्ला, रामनगर मिर्चैया गा.वि.स. वडा नं. २, हालको ठेगाना : सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ५
बाबु : जिवछ साहु तेली, बाजे : शालिग्राम साह तेली

**जमानीकर्ता:** नितु कुमारी साह, स्थायी ठेगाना : सिरहा जिल्ला, रामनगर मिर्चैया गा.वि.स. वडा नं. ९, हालको ठेगाना : सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ५, बाबु : विजय कुमार साह तेली, ससुरा : जीवछ साह तेली, पति: सुनिल कुमार साह



# हिमाल र पर्वतारोहण व्यवसायीलाई बचाउन उम्मेदवारी

नेपाल पर्वतारोहण संघ (एनएमए) को निर्वाचन भदौ ७ गते हुँदैछ । नेपालको पर्वतीय पर्यटन क्षेत्रमा लामो समय देखि सक्रिय संस्थाको रूपमा रहेको एनएमएमा आगामी कार्यकालको अध्यक्षको लागि पर्यटन व्यवसायी कुलबहादुर गुरुङले उम्मेदवारी घोषणा गरेका छन् । यस अघि संघको महासचिव रहेका गुरुङ अध्यक्षमा बलियो दावेबारको रूपमा आफूलाई प्रस्तुत गर्दैछन् । संघको निर्वाचनमा होमिएका **कुलबहादुर गुरुङ**सँग मध्यान्हका **छबि सापकोटा**ले छोटो कुराकानी गरेका छन् ।

**कुलबहादुर गुरुङ**
**अध्यक्षका उम्मेदवार, नेपाल पर्वतारोहण संघ**

**नेपाल पर्वतारोहण संघको अध्यक्षमा तपाईंले उम्मेदारी दिँदै गर्दा कस्ता एजेन्डा लिएर निर्वाचनमा जाँदै हुनुहुन्छ ?**

नेपालको पर्वतीय पर्यटनको इतिहास आधा शताब्दी पुरानो हो । संघ ५१ वर्ष पुगेर ५२ वर्ष लाग्दैछ । मेरो पनि पर्यटन क्षेत्रमा तीन दशकभन्दा धेरै समय बितेको छ । पर्यटन क्षेत्रको विकासको लागि मैले नेपालको हिमाली सम्भावनालाई विश्वमा चिनाउने र पर्वतारोहण क्षेत्रमा लाग्ने व्यवसायी, आरोहणकर्ता, उद्धारकर्तादेखि श्रमिकको मुद्दा लिएर उम्मेदारी दिएको हुँ ।

नेपाललाई चिनाउनको लागि नै पर्वतारोहण व्यवसायको रूपमा काम गर्ने योजना बनाएको छु । मैले अहिले तीनवटा एजेन्डा लिएर निर्वाचनमा लागेको छु, क्रिएसन, क्युरेसन र कम्युनिकेसनको फर्मुलामा लिएर मतदातासँग मत माग्दै छु । यो संस्थालाई अन्तर्राष्ट्रिय रूपमा भिजिबल बनाउन सक्ने हो भने नेपालको पर्यटन क्षेत्रलाई नै माथि लैजान सकिन्छ ।

**नेपालमा पर्वतारोहण पर्यटनको सम्भावनालाई कसरी हेर्नु भएको छ ?**

नेपालमा पर्वतारोहण पर्यटनको सम्भावनालाई हिमालसँग जोडेर हेर्नुपर्ने हुन्छ । हाम्रा सुन्दर हिमाललाई निजी क्षेत्र र सरकार मिलेर ब्रान्डिङ गर्न आवश्यक छ । एडभेन्चर टुरिजममा ट्रेकिङ एजेन्सीले काम गरिरहेका छन् । पर्वतारोहण व्यवसायी मध्य पहाडी भाग हुँदै हिमालको बेस क्यामसम्म र हिमाल चढ्ने पर्यटन व्यवसायमा केन्द्रित हुन आवश्यक छ ।

हाम्रो सरोकार नेपालका माउन्टेनलाई जोगाउन र माउन्टेनलाई आधार बनाएर पर्यटन प्रर्वधनको कार्यक्रम गर्नु नै हो । नेपालको पर्वतीय पर्यटन विस्तार गर्ने भनेकै हाम्रो हिमाल हो । हिमालसँग हाम्रो अस्तित्व जोडिएको छ । हिमाल पग्लिनुको प्रमुख कारण जलवायु परिवर्तन नै हो । त्यसैले संघले विश्वव्यापी रूपमा लविङ गर्न आवश्यक छ । हाम्रो हिमाल रह्यो भने मात्र पर्वतीय पर्यटन रहन्छ । त्यसैले, जलवायु परिवर्तन र विश्व तापमान वृद्धिको विषयलाई अन्तर्राष्ट्रिय बहसको विषय बनाउन आवश्यक छ ।

**विश्व तापमान वृद्धिको विषयलाई अन्तर्राष्ट्रिय रूपमा हामीले कसरी उठाउन सक्छौं ?**

हामीले यो विषयलाई आगामी दिनमा अभियान कै रूपमा अघि बढाउन आवश्यक छ । हिमाल बचाउने संघसंस्थासँग समन्वय गर्ने र विशेषगरी संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभागबीच समन्वय गरेर काम गर्न सकिन्छ ।

यस अघि हामीले सगरमाथा हिमाली सरसफाई अभियान गरेको थियौं । त्यसमा हामीले गिनिज वर्ल्ड रेकर्डको सर्टिफिकेट पनि पायौं । अब हामीले ग्लोबल वार्मिङको मुद्दालाई विश्वमाझ पुऱ्याउनका लागि रहेक वर्ष माउन्टेन समिट गर्न सकिन्छ । हाम्रो कारण भन्दा पनि अरुको कारणले हाम्रा हिमालहरू कालापथ्थरको रुपमा परिणत हुँदै गएका छन् । त्यसैले हामीले अन्तर्राष्ट्रिय रूपमै अभियान अघि बढाउन आवश्यक छ ।

**हिमाली पर्यटन प्रवर्धनका लागि तपाईंको योजना के छ ?**

हिमालबाट अहिले हिमाली संस्कृति लोप हुँदै जानु भनेको हाम्रो लागि चुनौतीको विषय हो । संस्कृति नै हाम्रो सम्पत्ति हो । हिमाल चढ्न र हिमाल हेर्न आउनेले हाम्रो संस्कृतिसमेत हेर्न चाहिरहेका हुन्छन्, तर, आधुनिकताको नाममा हामीले हाम्रो संस्कृतिको संरक्षण गर्न सकिरहेका छैनौं ।

यस्तै, माउन्टेनरीङ अपरेटर र हिमाल आरोहण सहयोगीलाई बचाउने काम नगर्ने हो भने हिमाल पर्यटनको भविष्य नै संकटमा पर्न सक्छ । ट्रेकिङ गाइड, भरिया र पर्यटक गाइडलाई प्रशिक्षण गर्न आवश्यक छ । हिमाली पर्यटनलाई युवा पुस्तासँग जोडेर योजना बनाउन आवश्यक छ । 'टुरिजम इन नेपाल अल फर अल सिजन'को रूपमा काम गर्न आवश्यक छ ।

पदयात्रा, धार्मिक पर्यटन र हिमाल पर्यटनलाई सँगसँगै लैजाने योजना बनाउन आवश्यक छ । बेमौसममा पनि 'नेपाल फर अल सिजन टुरिजम' भनेर आउने पर्यटकलाई भिसादेखि विभिन्न अफर दिनुपर्छ । यसोगर्दा थप पर्यटक आकर्षण गर्न सकिन्छ । हिमाल चढ्नको लागि बेमौसमको समयमा आधा रकम लाग्छ छ है भनेर म्यासेज दिन सकियो भने पर्वतारोहण व्यवसाय थप फस्टाउन सक्छ ।

**अन्त्यमा, पर्वतारोहण व्यवसायीको समस्यालाई कसरी सम्बोधन गर्न सकिन्छ ?**

व्यवसायीको समस्या भन्दा पनि दृष्टिकोणको आवश्यकता छ । नेपालमा विश्वमा रहेको उच्च १० मध्ये ८ वटा हिमाल नेपालमै छन । यो पर्यटन व्यवसायको लागि ठूलो अवसर हो । नेपाललाई चिनाउने नै हाम्रा हिमालले हो ।

हिमाली क्षेत्रलाई पर्यटनको हब बनाउन धेरै काम गर्न सकिन्छ । तर, अहिले सो क्षेत्रमा काम गर्ने व्यवसायीका समस्या धेरै नै छन् । यो व्यवसायमा लाग्ने व्यक्तिको भविष्यलाई कसरी सुरक्षित बनाउने भन्ने तर्फ काम गर्न आवश्यक छ । हिमालमा काम गर्नेहरूले मोल्ने जोखिम बुझ्न आवश्यक छ ।

अर्को, नीतिगत र प्रक्रियागत अल्झनको कारणले पर्यटन क्षेत्रमा काम गर्न सहज छैन । नियामक निकायलाई बुझाएर सरकार र निजी क्षेत्र मिलेर काम गर्ने हो भने अहिले देखिएको समस्यालाई समाधान गर्न सकिन्छ ।

# नेपाल एयरलाइन्सको हप्तामा ३ दिन दम्माम-काठमाडौं उडान

**अन्जान गुभाजु/मध्यान्ह**
साउदी अरब, १७ साउन ।

नेपाल एयरलाइन्सले साउदी अरबको दम्मामबाट काठमाडौंका लागि नियमित उडान सञ्चालन गरिरहेको छ । साउदीस्थित नेपाली समुदायलाई लक्षित गर्दै कम्पनीले प्रत्येक हप्ता आइतबार, मंगलबार र बिहीबार बिहान २ बजे दम्मामबाट काठमाडौंका लागि सिधा उडान गर्दै आएको हो ।




नेपाल एयरलाइन्सकी साउदी प्रतिनिधि अन्जु शर्माका अनुसार प्रवासी नेपालीको सहजता र सुरक्षालाई प्राथमिकता दिँदै नियमित सेवा सञ्चालन गरिएको हो । उनले भनिन्, 'हामी प्रवासी नेपालीहरूका लागि सुरक्षित, भरपर्दो र सहज सेवा दिन प्रतिबद्ध छौं ।'

उक्त उडानमार्फत यात्रुले ४० केजीसम्म चेक-इन लगेज र ७ केजी ह्यान्ड क्यारीको सुविधा पाउनेछन् । साथै, यात्राका क्रममा तातो खाना, टिकट मिति परिवर्तन, रिफन्ड, सिट छनोट तथा अतिरिक्त लगेज खरिदको व्यवस्था पनि गरिएको छ ।

शर्माले भनिन्, 'हाम्रो उद्देश्य सस्तो भाडा मात्र होइन, यात्रुलाई सम्मानजनक अनुभव दिनु हो, कुनै जानकारी वा सहायता आवश्यक परेमा यात्रुहरूले हामीसँग सिधा सम्पर्क गर्न सक्नुहुन्छ ।' नेपाल एयरलाइन्सको यो पहलले साउदी अरबमा रहेका नेपाली श्रमिक र अन्य यात्रुहरूलाई घर फर्कने यात्रामा सहजता र विश्वास प्रदान गरेको छ ।

# मधेश सरकारद्वारा स्यालो ट्युबवेल वितरण



**जनकपुरधाम/मस -** पानी नपर्दा सुक्खाग्रस्त तथा खडेरीको मारमा परेका किसानका लागि मधेश प्रदेश सरकारले १८ करोड लागतमा स्यालो ट्युबवेल वितरण प्रक्रिया सुरु गरेको छ । मधेश प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले सुक्खाक्षेत्र सहयोग कार्यक्रमअन्तर्गत प्रदेशका आठ जिल्लाका किसानलाई स्यालो ट्युबवेल वितरण योजना ल्याएको हो ।

धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, सिरहा र सप्तरीमा पानी अभावमा खडेरीबाट पीडित किसानलाई सम्बन्धित कृषि ज्ञान केन्द्रको कार्यालयबाट स्यालो ट्युबवेल वितरण सुरु गरिएको मन्त्रालयका प्रवक्ता सरोज चौधरीले जानकारी दिए । जनताको आवश्यकता तथा प्राथमिकताका आधारमा एक हजार दुई सय स्यालो ट्युबवेल वितरण गरिने उनको भनाइ छ ।

एउटा स्यालो ट्युबवेल जडान गर्न एक लाखदेखि तीन लाखसम्म खर्च हुने मन्त्रालयको अनुमान छ । साथै सोलार जोड्दा थप खर्च हुनेछ । ट्युबवेल जडान गर्दा पानीको सतह (गहिराई) कति छ त्यसको आधारमा खर्च लाग्ने उनको भनाइ रहेको छ ।

स्यालो ट्युबवेल वितरणका लागि अहिले सातदिने सूचना जारी गरिएको छ । एउटा ट्युबवेल लिनका लागि दुई बिघा खेतीयुक्त जमिनको प्रमाणित लालपुर्जा कृषि ज्ञान केन्द्रमा पेस गर्नुपर्ने छ । मन्त्रालयले पानीको अभावमा मधेश प्रदेशमा अहिलेसम्म ५० प्रतिशत धानखेती भएको जनाएको छ ।

# दोहोरो 'आईजीन' व्यवस्थामा ईप्पानको ध्यानाकर्षण

**iPPAN** स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल
Independent Power Producers' Association, Nepal

काठमाडौं/मस - स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले कम्पनीको सेयर अभौतिकीकरणमा दोहोरो अन्तर्राष्ट्रिय धितोपत्र पहिचान (आईजीन) नम्बर राख्ने व्यवस्था हटाउन ध्यानाकर्षण गराएको छ । सीडीएस एण्ड क्लियरिङ लिमिटेड (सीडीएससी)ले कम्पनीको शेयर सूचीकरण गर्दा आमनागरिक र प्रवर्धकलाई छुट्टाछुट्टै अन्तर्राष्ट्रिय धितोपत्र पहिचान नम्बर(आईजीन) कायम गर्ने भन्दै नेपाल धितोपत्र बोर्ड (सेबोन) मा प्रस्ताव लगेपछि इप्पानले विभिन्न चार निकायको ध्यानाकर्षण गराएको हो ।

ईप्पानले अर्थमन्त्री, संसद्को अर्थसमिति, नेपाल धितोपत्र बोर्ड (सेबोन) र सीडीएससीको ध्यानाकर्षण गराइएको जनाएको छ । 'सीडीएससीको उक्त प्रस्तावले संस्थापक लगानीकर्ता, निजी क्षेत्र, वैदेशिक लगानीकर्ता, शेयरमा लगानी गर्ने आमनागरिकमा थप अन्यौलता बढेर निराशा पैदा हुने अवस्था सिर्जना भएको छ', ईप्पानले भनेको छ, 'यो प्रस्ताव कार्यान्वयन भएमा नेपालको पुँजीबजारमा लागू भइरहेको प्रचलित कानुन, अन्तर्राष्ट्रिय मान्यता र स्थापित अभ्यास विपरीत कार्य भई नेपालको पुँजीबजारमा दीर्घकालीन प्रभाव पर्नुका साथै नेपालप्रति अन्तर्राष्ट्रिय जगतको दृष्टिकोणमा नकारात्मक प्रभाव पर्नेछ ।'

यस्तो व्यवस्थाले नेपाली निजीक्षेत्र तथा गैरआवासीय नेपाली समुदायको लगानीका साथै प्रत्यक्ष वैदेशिक लगानीमा समेत असर पर्ने र स्वदेशी पुँजी संकलन, गैरआवासीय नेपालीमार्फत आउने लगानी र विदेशी लगानी व्यवस्थापनमा ठूलो कठिनाइ हुने पनि ईप्पानले ध्यानाकर्षण गराएको छ ।

सीडीएससीको प्रस्तावले नेपालको एउटा कानुनलाई हेरेर लगानी गरेको विदेशी लगानीकर्ताले आफ्नो सेयर बेचेर लगानी फिर्ता लिन नै नसक्ने अवस्था बन्ने र यसले सरकारको वैदेशिक लगानी प्रवर्धन नीति, पुँजीबजारको सुदृढीकरण र समग्र आर्थिक सुधार लक्ष्यप्रति नै नकारात्मक प्रभाव पार्ने ईप्पानका अध्यक्ष गणेश कार्कीले बताए । 'हाल संस्थापक र साधारण सेयर एउटै आइजिनमा हुँदा शेयर बजार चलायमान भइरहेको छ, तर छुट्टाछुट्टै आइजिन राख्दा पुँजीबजारको कारोबारमा नै संकुचन आई यसले सरकारको आम्दानीमा ठूलो गिरावट आउनेछ', उनले भने ।

सीडीएससीले अघि सारेको दोहोरो आईजीनको ठूलो असर ऊर्जा क्षेत्रका कम्पनीमा हुने पनि ईप्पानको ठम्याइ छ । ईप्पानका वरिष्ठ उपाध्यक्ष मोहनकुमार डाँगीले ऊर्जामार्फत देशलाई समृद्ध बनाउने अभियानमा हातोमालो गर्दै ऊर्जा उत्पादनमा होमिएका कम्पनीका लाखौं लगानीकर्ता यसबाट प्रत्यक्ष प्रभावित हुने बताए । उनले आगामी दिनमा निर्माण हुने आयोजनामा लगानी नै नहुने जोखिम बढेको र सरकारले अघि सारेको २८ हजार ५ सय मेगावाट उत्पादन पुऱ्याउने ऊर्जा विकास मार्गचित्र नै असफल हुने जिकिर गरे ।

ईप्पानका महासचिव बलराम खतिवडाले दोहोरो आइजिनले ऊर्जा क्षेत्र मात्र नभई, निजी क्षेत्रको लगानी रहेका पर्यटन, स्वास्थ्य, पूर्वाधारलगायत उत्पादनमूलक उद्योगमा पनि पुँजी संकलन हुन नसक्ने बताए । यो व्यवस्थाले आइपिओ जारी गरी शेयर अभौतिकरण प्रक्रियामा रहेका कम्पनी, आइपिओ जारी गरी लकिङ अवधि सकिन लागेका कम्पनी र आइपीओको प्रक्रियामा रहेका कम्पनीसमेत नराम्ररी प्रभावित हुने जनाइएको छ । यसले समग्र पुँजीबजारलाई दीर्घकालसम्म नकारात्मक प्रभाव पार्दै नेपालको अर्थतन्त्रमा पनि ठूलो असर पर्ने ईप्पानको भनाइ छ ।

सीडीएससीको यस्तो निर्णयले लकिङ अवधिमै रहेका विभिन्न ५८ उद्योगको ८७ अर्ब, ४७ ऊर्जा कम्पनीको मात्रै ५३ अर्ब बराबरको र आईपीओको 'पाइपलाइन'मा रहेका ४३ कम्पनीको ४१ अर्ब बराबरको पुँजी बन्धक हुने ईप्पानले जनाएको छ ।

# माथिल्लो सेतीमा कुमारीको अगुवाइमा वित्तीय व्यवस्थापन

काठमाडौं/मस - सुदूरपश्चिम प्रदेशको बझाङमा निर्माण हुने २१६ मेगावाट क्षमताको बझाङ माथिल्लो सेती जलविद्युत् आयोजनाको वित्तीय व्यवस्थापन भएको छ । बझाङको साइपाल गाउँपालिका-४ र ५ मा निर्माण हुने सो आयोजनाको लागि कुमारी बैंक लिमिटेडको नेतृत्वमा तथा एनएमबी बैंक लिमिटेडको सहनेतृत्वमा वित्तीय व्यवस्थापन हुने भएको हो ।



यस्तै, सो आयोजनामा माछापुच्छ्रे बैंक, हाइड्रोइलेक्ट्रीसिटी इन्भेस्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी, लक्ष्मी सनराईज, नेपाल इन्भेस्टमेन्ट मेगा, प्रभु, नेपाल एसबीआई, एनआइसी एशिया, कृषि विकास, लुम्बिनी विकास, सांग्रिला डेभलपमेन्ट, कामना सेवा विकास बैंक र आइसीएफसी फाइनान्स सहितको सहवित्तीय व्यवस्थापन भएको छ ।

शुक्रबार आयोजित एक विशेष समारोहकाबीच कुमारी बैंक र आयोजनाको प्रवर्धक कम्पनी समृद्धि इनर्जी लिमिटेडबीच वित्तीय व्यवस्थापन सम्झौतामा हस्ताक्षर गरिएको थियो । सम्झौतामा कुमारी बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत रामचन्द्र खनाल र प्रवर्धक कम्पनी समृद्धि इनर्जी लिमिटेडको तर्फबाट अध्यक्ष शैलेन्द्र गुरागाईंले हस्ताक्षर गरेका हुन् ।

करिब ४१ अर्ब ६० करोड लागतमा निर्माण हुन लागेको आयोजनालाई ७० प्रतिशत ऋण र ३० प्रतिशत स्वपुँजीको अनुपातमा अघि बढाइने छ । सो आयोजना अर्ध जलाशययुक्त नदी प्रवाह प्रणालीमा आधारित छ, जसमा चार दशमलव पाँच घण्टाको पिकिङ क्षमता रहनेछ । आयोजनाको डिजाइन डिस्चार्ज ३४ दशमलव एक घन मिटर प्रति सेकेन्ड रहेको छ भने ग्रस हेड ७ सय ५८ दशमलव नौ मिटर र नेट हेड ७ सय ३५ दशमलव छ मिटर रहेको छ ।

नेपाल विद्युत् प्राधिकरणसँग विद्युत् खरिद सम्झौता भइसकेको सो आयोजनाले विद्युत् उत्पादन अनुमति प्राप्त गरिसकेको छ । आयोजना आगामी पाँच वर्षभित्र सम्पन्न गरी २०८८ सालको असार ३१ गतेभित्र व्यावसायिक उत्पादन गर्ने लक्ष्यसहित अघि बढाइएको प्रवर्धक गुरागाईंले जानकारी दिए ।

आयोजनाबाट वार्षिक एक हजार २ सय २९ दशमलव छ गिगावाट घण्टा विद्युत् उत्पादन हुने प्रक्षेपण गरिएको छ । उत्पादित विद्युत् आयोजनास्थलमै निर्माण गरिने २ सय २० के.भी.को स्विचयार्डबाट ३० किलोमिटर लामो २ सय २० केभी डबल सर्किट प्रसारण लाइनमार्फत राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडको प्रस्तावित ४ सय केभी बझाङ सबस्टेशनमार्फत राष्ट्रिय ग्रिडमा जोडिनेछ ।

आयोजनाका लागि आवश्यक पहुँच सडकको कुल लम्बाइ २५ किलोमिटर हुनेछ । आयोजनाको प्रतिमेगावाट लागत करिब १९ करोड २५ करोड हुनेछ । आयोजनाको ३० प्रतिशत स्वपुँजी प्रवर्धक कम्पनी समृद्धि इनर्जी लिमिटेडले विभिन्न संस्थागत तथा व्यक्तिगत लगानीकर्तामार्फत संकलन गरिरहेको छ ।

स्थानीय पूर्वाधार विस्तार, रोजगारी सिर्जना, ऊर्जा आत्मनिर्भरता र सुदूरपश्चिम प्रदेशको समग्र आर्थिक समृद्धिमा सकारात्मक प्रभाव पार्ने अपेक्षासहित माथिल्लो सेती जलविद्युत् आयोजना नेपालको जलविद्युत् विकासको इतिहासमा अर्को महत्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ । आयोजना सम्पन्न भएपछि उज्यालो सुदूरपश्चिमको सपना साकार पार्न निर्णायक योगदान पुग्ने विश्वास गरिएको छ ।


प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**